मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## निर्वाचन विरोधी गतिविधि गर्ने पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साले निर्वाचन विरोधी गतिविधि गर्ने एक व्यक्तिलाई पक्राउ गरेको छ । वीरगंज महानगरपालिका वडा नं. १०, आदर्शनगर क्षेत्रमा निर्वाचन बिरोधी पोष्टर टाँसिरहेको अवस्थामा वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको हो।
पक्राउ पर्ने व्यक्ति वीरगंज महानगरपालिका वडा नं. १६, भंसार बस्ने अन्दाजी २० बर्षिय पुलामी मगर रहेका छन् । प्रहरीले आवश्यक अनुसन्धान जारी रहेको बताएको छ।

वर्ष ४ • अंक ९२ • २०८२ साल फागुन ०३ गते आइतबार • Sunday 15, February 2026 • सूर्योदय: बिहान ०६:४२ बजे • सूर्यास्त: साँझ ५:५६ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# राजस्व उठेन, स्थानीय तह प्रदेश सरकार र देश उठ्ला त ?

*व्यक्ति, घर, परिवार, समाज हुँदै स्थानीय तह र प्रदेश सरकार पनि बचतमा छैन । भएको बजेट सकिएको छ । आर्थिक जर्जर बनिरहेका छौँ । यो जर्जरताले हामीलाई कहाँ पुर्याउला ? यसपटक पनि राजस्व त उठेन देश कसरी उठ्ला ? उम्मेदवार न फुत्त फुत्त उठेका छन् । भोलि यिनले पनि चुनाव खर्च जुटाउन नसकेर घरघडेरी बेचेर या विदेश भासिएर क्षमता र बौद्धिक पुँजी पलायनको खतरा बढेको छ ।*

**मधेशदृष्टि**
**वीरगंज ।**
आर्थिक वर्षका चार–चार महिना या तीन–तीन महिनाका सूचकहरु हेर्दा हामी अरु आयातमुखी भएका छौँ । अब दालचामल, दूधतेलमा हाम्रो निर्भरता बढिरहेको छ । यसैले भन्सारबाट बाहिर पठाउने भन्दा भित्र्याउने काम बढ्दो छ । यसका आधारमा राज्यले कल्पना गरेको राजस्व संकलन घटिरहेको छ र मुठ्ठिभरका नवधनाढ्यहरुको रहनसहन अरु सम्भ्रान्त बन्दै जाँदा महँगा मदिरा, मोबाइल, घडी, गाडीले आम्दानीको स्रोतहरु घटेका छन् र किनमेल बढेको छ । निम्नमध्यम वर्गीय समाजले पनि देखासिकी गरेर विदेशमा छोराछोरीले बगाएको पसिनाले सौन्दर्य प्रशाधन र दैनिकी चलाउने घरखर्चमा रेमिट्यान्स सकाएका छन् ।
यो देशदृश्य हेरेर अहिले नै के बिग्रिएको छ र भन्ने सबैलाई परेको होला । एउटा व्यक्ति




बन्दा र बिग्रँदा देश लयमा आउँछ, फरक पर्दैन भन्ने सबैको तर्क होला । चुनावका बेला अरुलाई खराब देखाएर मत माग्न त सकिन्छ तर देश कसरी राम्रो बनाउने भनेर न उत्तर कोरियाले जस्तो हामी जनतालाई चामल दिएर दैनिक दिशासमेत खिच्न सक्छौँ, न कपडा पनि नापेर दिनसक्छौँ, न मोबाइल नचलाउनु भनेर बन्देज गर्न सक्छौँ । फेसबुक रोक्न खोज्दा सत्ता ढाल्यौँ । सत्ता ढालेपछि चुनाव आधा अवधिमै गरेर बजेट चैँ पूरै सकाउन लागिरहेका छौँ । म्यादी पुलिसबाट नै ७ अर्ब रुपैयाँ जनताको घर आयो भनेर मक्ख परिरहँदा त्यसले देशलाई कसरी असर पर्छ, राजस्व संकलनका केही नजिर हेरौँ ।
चालु आर्थिक वर्ष २०८२–८३ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा सरकारले लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न नसकेपछि प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गरेको छ । महालेखा नियन्त्रक कार्यालयले माघ २७ गते सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई परिपत्र गरेको छ । त्यसमा भनिएको छ, 'वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ताबापतको रकम कटौती गरिएको छ ।'
यो भनेको के हो ?
'पुस मसान्तसम्म लक्ष्यको तुलनामा ८१ दशमलव ७५ प्रतिशत मात्र राजस्व सङ्कलन भएको छ । अर्थात् १९ प्रतिशत राजस्व देशले उठाउन सकेको छैन । राजस्व संकलनका अनुपातमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान दिने केन्द्र सरकारको परम्परा छ । अर्थ मन्त्रालयबाट यसको लेखाजोखा हुन्छ । महालेखा नियन्त्रक कार्यालयले परिपत्रमा भनेको छ, 'तेस्रो त्रैमासिक किस्तावापत हुने २५ प्रतिशतमध्ये २० दशमलव ४३ प्रतिशत अर्थात् कूल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७० दशमलव ४३ प्रतिशतमा नबढ्ने गरी प्रदेश तथा स्थानीय तहमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नू ।' यसको मतलब हो, एक करोडको योजना हो भनेर काम सुरु भएको थियो भने भुक्तानी ७० लाख ४३ हजार रुपैयाँ मात्र हुनेछ । अर्थात् ठेकेदारले पूरा पैसा पाएनन् भने मजदुरले पाउँदैनन् । मजदुरको परिवार काम गरेर पनि भोकै हुने अवस्था बन्नेछ ।

अर्थ मन्त्रालयले साउनमै चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि ९५ बुँदे मार्गदर्शन जारी गर्दै वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा पहिलो र दोस्रो किस्ता सुरु अनुमानबमोजिम र तेस्रो किस्ता पुस मसान्तको राजस्व लक्ष्य तथा सङ्कलनको अनुपातका आधारमा भुक्तानी गरिने भनिसकेको थियो । यो कुरा जनप्रतिनिधिले चासो लिए कि लिएनन् । बजेट बनाउँदा ख्याल गरे कि गरेनन् ? चौथो किस्ता चैत मसान्तसमको राजस्वको लक्ष्य तथा सङ्कलनको अनुपातका आधारमा पुनःनिर्धारण गरी हस्तान्तरण गरिने भनिएको छ

*बाँकी पृष्ठ २ मा*

## सर्लाहीमा 'हुण्डी कनेक्सन' प्रकरण:
# ८० लाखको विवाद, ४० लाखमा सम्झौता
## पक्राउ परेका हुण्डी कारोबारी रातारात रिहा




**हरिशंकर शर्मा**
**सर्लाही।**
सर्लाही प्रहरीले ४० लाख रुपैयाँ घुस लिएर दुई भारतीय हुण्डी कारोबारीलाई रातारात छाडेको घटना सार्वजनिक भएको छ । भारतको विहार राज्य अन्तर्गत सितामढीस्थित गुदरी बजारका कुख्यात भनिएका हुण्डी कारोबारी शम्भु प्रसाद र कृष्ण प्रसादलाई पक्राउ गरी सर्लाही प्रहरीले ४० लाख रुपैयाँ लिएर रातारात छाडेको श्रोतले जनाएको छ।
घटनाको सुरुआत गत बुधबार साँझ सर्लाहीको राजश्री चोकस्थित गोरखकाली रोडबाट भएको बताइन्छ । जिल्ला प्रहरी कार्यालय सर्लाही मातहतको अपराध अनुसन्धान शाखाबाट खटिएको टोलीले सेतो रङको इनोभा कार र कालो रङको स्कर्पियोसहित दुई जनालाई नियन्त्रणमा लिएको थियो । उनीहरू हुण्डी कारोबार सम्बन्धी रकम लिन नेपाल प्रवेश गरेका थिए र उनीहरुलाई सर्लाहीको सर्लाही मोतिपुरका हुण्डी कारोबारी उमेश यादवले प्रहरी लगाएर पक्राउ गर्न लगाएको बताइएको छ।
यादवको इसारामा प्रहरीले पक्राउ गरेको भारतीय नागरिकहरुको साथबाट कुनै रकम वा प्रमाण बरामद नभएपनि सर्लाही प्रहरीले अनुसन्धानका लागि भन्दै जिल्ला प्रहरी कार्यालय लगिएको उनीहरूलाई त्यही रात ४० लाख रुपैयाँ लिएर इनोभा कारसहित छाडिएको बताइएको छ । प्रहरी श्रोतका अनुसार यस घटनामा सर्लाहीका प्रहरी उपरीक्षक योगेन्द्र कुमार खड्का र अपराध अनुसन्धान शाखाका प्रमुख प्रहरी निरीक्षक विशाल बुढाथोकीको मिलेमतो रहेको बताइएको छ।
यो प्रकरणले सर्लाही प्रहरी र हुण्डी कारोबारीबीचको कथित 'कनेक्सन'लाई उजागर गरेको चर्चा चुलिएको छ । पक्राउ परेका भारतीय नागरिकहरू सर्लाहीको मोतिपुर निवासी तथा खुटौना स्कुलमा कार्यरत शिक्षक उमेश यादवसँग हुण्डीको पैसा लिन नेपाल आएका थिए । आरोप अनुसार नेपालमै बसेर भारततर्फको हुण्डी कारोबारीसँग मिलेर हुण्डी कारोबार गर्दै आएका उमेश यादवले ती भारतीय कारोबारीसँग ८० लाख रुपैयाँ लिएका थिए तर फिर्ता नगरेको कारण चार जनाको समूह रकम असुल्न नेपाल प्रवेश गरेका थिए।
रकम असुल्न नेपाल प्रवेश गरेका दुबै भारतीय नागरिकलाई सर्लाहीका हुण्डी कारोबारी उमेश यादवले प्रहरी लगाएर समात्न लगाएको प्रहरी श्रोतकै दाबी छ । उमेश यादवले रकम फिर्ता गर्नुको सट्टा प्रहरीसँग मिलेमतो गरी उल्टै भारतीय नागरिकहरूलाई पक्राउ गराएको दाबी गरिएको छ । बिना ठोस प्रमाण पक्राउ परेका विदेशी नागरिकलाई लामो समय हिरासतमा राख्न कानूनी जटिलता हुने देखिएपछि प्रहरी र सम्बद्ध व्यक्तिबीच 'सम्झौता' भएको र ४० लाख रुपैयाँ लिएर रिहा गरिएको श्रोतले जनाएको छ ।
यदि यी आरोप सत्य प्रमाणित भएमा यो घटना केवल घुस प्रकरण मात्र नभई कानून कार्यान्वयन निकायमाथि गम्भीर प्रश्न उठाउने विषय हुनेछ । सीमा क्षेत्रमा सक्रिय हुण्डी कारोबार र त्यसमा प्रहरीको सम्भावित संलग्नता राष्ट्रको वित्तीय सुरक्षासँग प्रत्यक्ष जोडिएको विषय हो । ४० लाखको कथित 'डिल'ले प्रहरी संगठनको विश्वसनीयतामाथि गम्भीर आघात पु¥याएको छ । यदि सत्य हो भने, यो प्रकरणले सीमावर्ती जिल्लामा फैलिएको हुण्डी सञ्जाल र त्यसमा प्रहरी–कारोबारी गठजोडको गहिरो जालो उजागर गर्न सक्छ।
यस घटनाबारे जिल्ला प्रहरी कार्यालय सर्लाहीका एसपी योगेन्द्र खड्कासँग बुझ्दा केही प्रमाण फेला नपरेकाले छाडेको हुनसक्छ, यसबारे आफूलाई जानकारी नभएकाले मुद्दाका इन्स्पेक्टरसँग कुरा गर्न भने । यता मुद्दाका शाखाका प्रमुख प्रहरी निरीक्षकको कार्यालयको मोबाइल नम्बर ९८५४०७१४४४ मा बुझ्दा प्रहरी निरीक्षक विशाल बुढाथोकीको निर्देशनमा छाडिएको बताए । पक्राउ परेका व्यक्तिसँग कुनै प्रमाण फेला नपरेको र प्रहरी निरीक्षक बुढाथोकीले छाड्न निर्देशन दिएपछि छाडिएको बताए।

# अबको पाँच वर्ष कांग्रेसको बहुमतको सरकार: थापा




**मधेशदृष्टि**
**सर्लाही।**
नेपाली कांग्रेसका सभापति तथा सर्लाही क्षेत्र नं ४ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार गगन थापाले सर्लाहीका चारवटै क्षेत्रमा नेपाली कांग्रेसले जित्ने बताएका छन् । उनले मधेश प्रदेशमा नेपाली कांग्रेसको शानदार प्रदर्शन हुने दाबी गरे।
'अबको पाँच वर्ष बहुमतले नेपाली कांग्रेस सरकार चलाउनेछ,' सर्लाही क्षेत्र नं. ४ बलरा नगरपालिका ९ अचलगढमा आयोजित वृहत पार्टी प्रवेश कार्यक्रममा उनले भने, 'लामो समयसम्म मधेशी दलमा काम गरेका ठूला मधेशी नेताहरु आज नेपाली कांग्रेसमा प्रवेश गरेका छन्, नेपाली कांग्रेसभित्र जय नेपालपछि जय मधेश पनि रहेकाले नेपाली कांग्रेसमाथि विश्वास गर्नेहरु बढ्दैछन्।'
'मधेशी जनतालाई अधिकार दिलाउने नाममा खुलेका साना खुद्रा पसलहरु अब बन्द हुने छन्,' उनले भने, 'नेपाली कांग्रेस अब सबै वर्ग, समुदाय मधेशी, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक मुस्लिमको आवाज र मुद्दा पूरा गर्ने पार्टी भएको छ।'
उनले मधेशमा पार्टी खोलेर मधेशी जनतालाई ठग्ने काम बन्द हुने बताए । पार्टी प्रवेश कार्यक्रममा संविधान सभा सदस्य केदारनन्दन चौधरी, तत्कालीन लोसपाका युवा नेता तथा जनता समाजवादी पार्टी नेपालका महासचिव मनिषकुमार मिश्र औपचारिक रूपमा नेपाली कांग्रेसमा प्रवेश गरेका थिए । दुवै नेतासहित पाँचसय बढी स्थानीयलाई कांग्रेस सभापति तथा उम्मेदवार थापाले आफैँले फूलमाला र अबिर लगाएर स्वागत गरे।
सर्लाही क्षेत्र नं ४ का नेताद्वय चौधरी र मिश्र लगायतका नेता कांग्रेसमा प्रवेश गरेपछि यस क्षेत्रका लोकप्रिय उम्मेदवार गगन थापा दश हजार बढी मतले निर्वाचित हुने नेपाली कांग्रेसका निवर्तमान सर्लाही सभापति सुरेन्द्र प्रसाद सिंहले बताए । प्रवेश कार्यक्रममा मधेश प्रदेशका वर्तमान स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल राय, निवर्तमान स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र प्रसाद सिंह, निवर्तमान यातायात मन्त्री कौशल सिंहलगायत स्थानीय नेताकार्यकर्तासहित हजारौँ समर्थकको उपस्थिति थियो । नेपाली कांग्रेस यो देशको सबैभन्दा नयाँ पार्टी रहेकाले नेपाली कांग्रेस छाडेर गएका सबै साथी पुनः नेपाली कांग्रेसमा फर्किने बाटो खुलिसकेको जिल्ला सभापति डा. सरोज कुमार यादवले बताए । बृहत् पार्टी प्रवेश कार्यक्रममा सभापति थापा आएपछि सैकडौँ समर्थकले सभापति थापालाई फूलमाला लगाएर स्वागत गर्दै 'अब कि बार, गगन सरकार' भनेर नारा लगाएका थिए।

# चुनावी गतिविधिमा बालबालिका प्रयोग नगर्न आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा जिल्ला प्रशासन कार्यालय रौतहटले बालबालिकालाई कुनै पनि राजनीतिक वा चुनावी गतिविधिमा प्रयोग नगर्न कडा निर्देशन जारी गरेको छ ।
सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र कुमार यादवले प्रेस विज्ञप्तिमार्फत सबै राजनीतिक दल, उम्मेदवार, समर्थक तथा सरोकारवालालाई बालबालिकालाई चुनावी गतिविधिबाट टाढा राख्न




आग्रह गरेका हुन् । विज्ञप्तिमा उल्लेख गरिएको छ, 'बालबालिका राष्ट्रको भविष्य हुन् । उनीहरूलाई राजनीतिक प्रभाव, जोखिमपूर्ण गतिविधि तथा मानसिक तथा शारीरिक शोषणबाट जोगाउनु राज्य, राजनीतिक दल र सम्पूर्ण समाजको साझा दायित्व हो ।'
प्रशासनले नेपालको संविधान, बाल अधिकार सम्बन्धी ऐन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार पनि बालबालिकालाई चुनावी कार्यमा प्रयोग गर्न नपाइने व्यवस्था रहेको स्मरण गराएको छ ।
निर्वाचन प्रक्रियालाई पूर्ण रूपमा बालमैत्री, मर्यादित र कानुनसम्मत बनाउन प्रशासनले चुनावी सभा, जुलुस, प्रचारप्रसार तथा अन्य कुनै पनि राजनीतिक गतिविधिमा बालबालिकाको सहभागिता नगर्न सबै पक्षलाई आग्रह गरेको छ ।

# मुडली र बिरन्चीबार्वामा रिजालको घरदैलो विकासको गतिमा जोड

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–४ अन्तर्गत कालिकामाई गाउँपालिकाको वडा नं. १ मुडली र वडा नं. ५ बिरन्चीबार्वामा नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य उम्मेदवार रमेश रिजालले व्यापक घरदैलो अभियान सञ्चालन गरेका छन् । गाउँ टोलमा पुगेर उनले स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गर्दै क्षेत्रको समग्र विकासलाई तीव्र गतिमा अघि बढाउनुपर्ने आवश्यकता औँल्याए । घरदैलोका क्रममा रिजालले शिक्षा, स्वास्थ्य सेवा, सडक पूर्वाधार तथा रोजगारी सिर्जनाका क्षेत्रमा अझै थुप्रै काम गर्न बाँकी रहेको उल्लेख गरे । ‘समृद्ध र सुरक्षित भविष्यका लागि निरन्तर विकास आवश्यक छ,” उनले भने, “त्यसका लागि नेपाली कांग्रेसलाई विश्वास गरेर अघि बढ्नुपर्छ ।’



उनले कांग्रेसलाई विकासको संवाहक शक्ति भन्दै जनताको साथ र समर्थन अपरिहार्य रहेको धारणा राखे ।

मतदातासँग समर्थन माग्दै उनले लोकतान्त्रिक मूल्य मान्यता सुदृढ गर्न र स्थायित्व कायम राख्न कांग्रेसलाई जिताउनुपर्ने आवश्यकता औंल्याए । स्थानीयवासीले घरदैलो कार्यक्रममा उत्साहजनक सहभागिता जनाएका थिए, जसले चुनावी माहोल थप सक्रिय बनेको संकेत दिएको छ ।

रिजालले आगामी दिनहरूमा पनि क्षेत्रका अन्य गाउँ तथा बस्तीमा पुगेर मतदाता भेटघाटलाई निरन्तरता दिने योजना सुनाए ।

कार्यक्रममा मधेस प्रदेश सरकारका वन तथा वातावरण मन्त्री शंकर चौधरी, कांग्रेस पर्साका सभापति तथा प्रदेश सभा सदस्य जनार्धन सिंह क्षेत्री, कांग्रेस मधेस प्रदेशका महामन्त्री बृहस्पती कृष्ण श्रेष्ठ, पर्सा जिल्ला प्रवक्ता रमेश पाण्डे, जिल्ला सहसचिव नविन सिंह, क्षेत्रीय सभापति श्रीकान्त प्रसाद यादव लगायतका नेता तथा कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो ।

घरदैलो अभियानमार्फत रिजालले पर्सा–४ मा कांग्रेसको संगठन सुदृढ गर्दै मतदातासँग प्रत्यक्ष सम्बन्ध विस्तार गर्ने प्रयासलाई तीव्रता दिएका छन् ।

# मतदाता मेरा भगवान हुन् : उम्मेदवार यादव

**राकेश यादव**
**रौतहट ।**
जनता समाजवादी पार्टी नेपालको तर्फबाट आसन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनमा उम्मेदवार बनेका योगेन्द्र राय यादवले आफ्नो चुनावी भेटघाट तिब्र पारेका छन् ।

फागुन २१ मा सम्पन्न हुने निर्वाचनको लागि चुनावी प्रतिस्पर्धामा रहेका विभिन्न राजनीतिक दल र स्वतन्त्र रुपमा उम्मेदवारी दर्ता गराएका उम्मेदवारहरुले विभिन्न एजेन्डा लिएर मतदाता समक्ष पुग्ने गरेका हुन् ।



रौतहट निर्वाचन क्षेत्र १ को सबै भन्दा जेन जी उम्मेदवारको रुपमा प्रस्तुत गर्दै योगेन्द्र राय यादव आफ्नो पक्षमा मतदातालाइ ल्याउनको लागी घर घरमा पुग्ने गरेका हुन् । रौतहट क्षेत्र नम्बर १ मा विकास निर्माण देखि सामाजिक विकास गर्ने प्राथमिकता लिएर घर दैलो गर्नमा व्यस्त देखिएका यादवले सामाजिक न्याय, समानता, अधिकार, संघियता, गन्तन्त्रको लागि जनता समाजवादी पार्टी नेपाल नै अग्रणी भूमिका खेल्ने भएकोले जसपा नेपालको पक्षमा मत दिनु पर्ने मतदातालाइ आग्रह गरिरहेका देखिएका छन् ।

रौतहटको गौर नगरपालिका वडा नम्बर २ मा मतदाता संग भेटघाटको क्रममा उम्मेदवार यादवले मधेशी जनतालाइ संविधानमा हक अधिकार सुनिश्चित गर्न जनता समाजवादी पार्टी नेपाल एक मात्र विकल्प रहेको बताए । अधुरो पुल निर्माणको कार्य सुचारु गराउने, क्षेत्रको विकास, शिक्षा, स्वास्थ्य, रोजगारी, खेलकुद, महिलाको न्याय, युवाको रोजगारी आफ्नो प्रमुख एजेन्डा भएको बताए ।

सदियौ देखि शासन गर्दै आएका नेपाली कांग्रेस, नेकपा एमाले गत भदौ २३ र २४ को काठमाडौँ लगायत देश भरि नै भएको आन्दोलनको कारण भएको ठहर गरे ।

उम्मेदवार यादवले भने ७६ जना युवाको हत्या को दोषी त्यो बेलाको सरकारमा सहभागी भएका राजनीतिक दल नै भएकोले यो निर्वाचनमा त्यो दल संग सचेत हुनु पर्ने अहिलेको आवश्यकता रहेको छ ।

जनताको सेवामा दिन रात रहदै आएको भन्दै यादवले मतदाता भगवान रहेको बताए । जनताको सेवक भएर सेवा गर्ने लक्ष्य लिएर चुनावी मैदानमा उत्रिएकोले सहयोग गर्न आग्रह समेत गरेका हुन् ।

रौतहट क्षेत्र नम्बर १ मा पुर्व प्रधानमन्त्री, मन्त्रि र राज्य मन्त्रि चुनावी मैदानमा देखिएकोले रोचक प्रतिस्पर्धा हुने संकेत देखिएको छ ।

पुर्व प्रधानमन्त्री माधव कुमार नेपाल नेपाली कम्युनिस्ट पार्टी, पुर्व उद्योग मन्त्रि अनिल कुमार झा नेपाली कांग्रेस, पुर्व कृषि राज्य मन्त्रि योगेन्द्र यादव जनता समाजवादी पार्टी नेपाल, अजय कुमार गुप्ता नेकपा एमाले, राजेश चौधरी राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारी दिएका छन् । निर्वाचनमा भाग लिएका रौतहटको चारै निर्वाचन क्षेत्रका उम्मेदवारहरु आ आफ्नो निर्वाचन क्षेत्रमा मतदाता संग भेटघाटलाइ निरन्तरता दिएपछि रौतहटमा चुनावमय बातावरण सृजना भएका छन् ।

# राजस्व उठेन, स्थानीय तह...

। अब पनि राजस्व सुधार हुने संकेत कमजोर छ ।

लक्ष्य र आम्दानी

सरकारले १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ आम्दानीको लक्ष्य राखेको थियो । पुस मसान्तसम्ममा ५ खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख रुपैयाँ मात्र संकलन गरेको छ । लक्ष्यको ३८ दशमलव ३८ प्रतिशत सफलता हो । लक्ष्यभन्दा कम राजस्व उठेपछि प्रदेश र स्थानीय तहमा जाने अनुदान कटौती हुनेछ । स्थानीय तह, प्रदेश सरकारले गरिरहेका योजनाहरु यसले प्रभावित हुनेछ ।

यो यसपालि मात्रै भएको होइन, विगतमा पनि भएको थियो । प्रदेश र स्थानीय तहहरुले लगाइसकेका ठेक्काको काममा समस्या देखिइसकेको थियो । २०८१ माघ २९ गते पनि सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पत्र पठाउँदै तेस्रो किस्ताबापतको वित्तीय समानीकरण अनुदानमा २५ प्रतिशतमध्ये १३ दशमलव २४ प्रतिशत अर्थात् वार्षिक बजेटको ६३ दशमलव २४ प्रतिशत नबढ्ने गरी बजेट निकासा गर्न भनिएको थियो । यो एक वर्षमा भन्सारले राजस्व उठाउन पोहोर भन्दा सफल भएको गणित देखाइयो तर विकासको हकमा यो पूर्ण भएन । त्यसैले पोहोर २५ प्रतिशतमध्ये १३ दशमलव २४ प्रतिशत मात्र बजेट निकासा भएको थियो भने यो वर्ष अरु बढेर २० दशमलव ४३ प्रतिशतमा पुगेको छ । राजस्व केही बढे पनि महंगी र बढ्दो मूल्यवृद्धिले हाम्रो विकासे योजना पोहोरको तुलनामा यो वर्ष झन समस्याग्रस्त हुनेछ । ३० प्रतिशत भुक्तानी नै नहुने भनेर सरकारले हात उठाइसकेको छ ।

**पोहोर भन्दा समस्या**

अघिल्लो वर्ष संशोधन गरेर २०८१ फागुन १३ गते अर्को परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्तावापतको भुक्तानी हुने रकम केही बढाइएको थियो । त्यतिखेर दलहरुको सरकार थियो । यो वर्ष दलहरुको सरकार छैन । हुन त दलहरुको सरकार बन्ने वातावरण बन्दै छ । तर देखावटी बजेट बढाएर केही हुने छैन । राज्यको ढुकुटी कमजोर भएपछि देखाइएको तथ्यांकले मात्रै बाटोघाटो बन्दैन, सडक पिच हुँदैन । धारामा पानी आउँदैन ।

केन्द्र सरकारबाट तल्लो तहमा जाने अनुदान तेस्रो किस्ता मात्र नभई अन्तिम किस्ता पनि कटौती भएपछि जनताका आकांक्षा पूरा हुँदैनन् । असन्तुष्टि बढ्छ । योजनाहरु खोला छेउमा, डाँडाको टुप्पामा, डुबान क्षेत्रमा भएकाले असार साउनको बाढीपहिरोले शून्य बनाइदिन सक्छ । यसरी आएको ७० प्रतिशत बजेट पनि बेहिसाब मटियामेट हुने समस्या भोग्दै आइएको छ । अर्थ मन्त्रालयले २०८२ वैशाख १६ गते महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेख्दै चौथो किस्ताबापतको वित्तीय समानीकरण अनुदान कटौती गर्न भनेको थियो । वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताबापतको २० दशमलव ६८ प्रतिशत हिस्सा मात्रै पठाउने निर्णय भएको थियो । यो समय आउन अझै ३ महिना बाँकी छ । अर्को वर्ष मुलुकमा फेरि स्थानीय तह र प्रदेशको चुनाव गराउनै पर्ने बाध्यता छ । यस्तो अवस्थामा देश अरु आर्थिक जोहो गर्नु पर्ने अवस्थामा पुग्ने भएकाले हाम्रा विकासे योजनाहरु वहुवर्षीयमा झरेर झारा टार्ने अवस्थाका हुन्छन् ।

**देश उठाउने कसरी ?**

अघिल्लो आर्थिक वर्षमा प्रदेश तथा स्थानीय तहहरुले कूल स्वीकृत वार्षिक बजेटमध्ये चौथो किस्तासम्मको ९१ दशमलव ७६ प्रतिशत बराबर मात्रै बजेट पाएका थिए । यो वर्ष यति पनि नपुग्ने संकेत देखिइएको छ ।

यस्तो अवस्थामा युवाले विदेशबाट पठाएको रेमिट्यान्स खानपानमा सकाइरहेका छौँ । हामी अझै चेतेका छैनौँ । व्यक्ति, घर, परिवार, समाज हुँदै स्थानीय तह र प्रदेश सरकार पनि बचतमा छैन । भएको बजेट सकिएको छ । आर्थिक जर्जर बनिरहेका छौँ । यो जर्जरताले हामीलाई कहाँ पुर्याउला ? यसपटक पनि राजस्व त उठेन नै देश कसरी उठ्ला ? उम्मेदवार न फुत्त फुत्त उठेका छन् । भोलि यिनले पनि चुनाव खर्च जुटाउन नसकेर घरघडेरी बेचेर या विदेश भासिएर क्षमता र बौद्धिक पुँजी पलायनको खतरा बढेको छ । यस्तो अवस्थामा साँच्चै सबैले सोच्न पर्ने भएको छ कि, यस्तै अभाव र दबाब अनि राजनीतिक असन्तुष्टिको प्रभावबाट देश उठ्ला त ?

**माइग्रेसन प्रमाण-पत्र हराएको सूचना**

यही मिति २०८२ फागुन ०५ गते घरबाट नगराइन जाने क्रममा मेरो निम्न व्यहोरा भएको १०+२ को माइग्रेसन प्रमाण–पत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरी सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछु।

नाम: अन्जु कुमारी मंडल
ठेगाना : हाल जनकपुरधाम - ४
योग्यता : 10 +2 उतिर्ण गरेको माइग्रेसन
सिम्बोल नं. 21606180
सम्पर्क नम्बर : 9801669430

# जगरनाथपुरमा २१ सदस्यीय जेन–जेड कमिटी गठन



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा जेन–जेड अभियानलाई थप सशक्त बनाउने उद्देश्यले जगरनाथपुर गाउँपालिकामा विशेष बैठक सम्पन्न भएको छ । युवाहरूको सक्रिय सहभागितामा सम्पन्न उक्त बैठकले जगरनाथपुर क्षेत्रमा संगठन विस्तार गर्ने र नयाँ कमिटी गठन गर्ने निर्णय गरेको छ ।

बैठकको सहमतिअनुसार अमर किशोर ठाकुर लोहारको अध्यक्षतामा २१ सदस्यीय जेन–जेड कमिटी गठन गरिएको हो । नवगठित समितिले स्थानीय युवाहरूलाई संगठित गर्दै अभियानलाई गाउँपालिका स्तरमा प्रभावकारी बनाउने लक्ष्य राखेको जनाएको छ । भेलाले युवाशक्ति एकताबद्ध गरेर सामाजिक तथा समसामयिक मुद्दामा सक्रिय भूमिका खेल्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।

समितिमा हरि ओम, मिथुन प्रसाद पटेल लगायतका युवाहरूलाई सदस्यका रूपमा समेटिएको छ । नेतृत्व चयनसँगै संगठनलाई व्यवस्थित र क्रियाशील बनाउने कार्ययोजना तयार गरिएको आयोजक पक्षले जनाएको छ । बैठकमा पर्सा जेन–जेडका सल्लाहकार अधिवक्ता अनिल शाह, कालिकामाई संयोजक रजनीश कुशवाहा, सुशील पटेल, मधुरञ्जन शाह लगायत युवाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

सहभागीहरूले जगरनाथपुरमा जेन–जेड अभियान विस्तार गर्दै युवाहरूलाई नेतृत्व र निर्णय प्रक्रियामा जोड्ने आवश्यकता औँल्याएका थिए । बैठकले आगामी दिनमा विभिन्न कार्यक्रम, अन्तरक्रिया तथा जनचेतनामूलक गतिविधि सञ्चालन गर्ने निर्णयसमेत गरेको छ । यस कदमसँगै जगरनाथपुरमा जेन–जेड अभियानले नयाँ ऊर्जा पाएको आयोजकहरूको विश्वास छ ।

## पर्सा–३ मा एमालेको पुनर्मिलन

# पूर्व प्रदेश सांसद गिरी र युवा नेता साह ‘घर फर्किए’



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले पर्सा क्षेत्र नम्बर–३ मा आयोजित विशेष पुनर्मिलन कार्यक्रमले चुनावी माहोललाई थप उत्साहपूर्ण बनाएको छ । पर्सा क्षेत्र नं. ३ (ख) का निर्वतमान प्रदेश सांसद तथा एमालेका पुराना नेता प्रहल्लाद गिरी र युवा नेता रमेश साह पुनः पार्टीमा आवद्ध भएका छन् ।

कार्यक्रममा उनीहरूलाई पर्सा–३ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रुपेश कुमार पाण्डे, पूर्व प्रदेश मन्त्री प्रमोद जयसवाल सहित स्थानीय अगुवा र कार्यकर्ताहरूले औपचारिक रूपमा स्वागत गरेका थिए । उपस्थित नेताकार्यकर्ताले ‘आफ्नै घरमा पुनः आगमन’ भएको भन्दै खुसी व्यक्त गरेका थिए ।

सम्बोधनका क्रममा नेताहरूले देशको राष्ट्रियता सुदृढ गर्न र राजनीतिक स्थायित्व कायम राख्न एमाले बलियो हुनु आवश्यक रहेको धारणा राखे । उनीहरूले आगामी निर्वाचनमा सूर्य चुनाव चिह्नमा मतदान गरी स्थिर सरकार निर्माणमा योगदान दिन मतदातासँग अपिल गरे ।

पुनः पार्टीमा फर्किएका प्रहल्लाद गिरीले प्रतिनिधिसभा उम्मेदवार रुपेश कुमार पाण्डेलाई आफ्नो पूर्ण समर्थन रहेको स्पष्ट पारे । उनले क्षेत्रको विकास र संगठन सुदृढीकरणका लागि सक्रिय भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे । युवा नेता रमेश साहले पनि पार्टीलाई मजबुत बनाउन युवाशक्तिलाई एकताबद्ध गर्ने प्रतिवद्धता जनाए ।

पुनर्मिलन कार्यक्रममा पोखरिया नगरपालिकाका मेयर प्रधुमन प्रसाद चौहान, एमाले पर्साका उपाध्यक्ष मनोज गुप्ता, क्षेत्रीय अध्यक्ष फरमान मियाँलगायत नेताहरूको उल्लेख्य उपस्थिति रहेको थियो । यस पुनर्मिलनसँगै पर्सा क्षेत्र नम्बर–३ मा एमालेको संगठनात्मक आधार थप सशक्त हुने विश्वास पार्टी नेतृत्वले व्यक्त गरेको छ ।

# शाक्यको घरदैलो अभियान: भ्रष्टाचारमुक्त नेतृत्वको जोड

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–४ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य उम्मेदवार टेकबहादुर शाक्यले गाउँ टोलमा घरदैलो अभियानलाई तीव्रता दिएका छन् । स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गर्दै उनले घण्टी चुनाव चिन्हमा मतदान गर्न जनता समक्ष आग्रह गरे ।

घरदैलोमा बोल्दै शाक्यले देशमा फैलिएको भ्रष्टाचार, बेथिति, अन्याय र अत्याचार रोक्न राजनीतिक परिवर्तन अपरिहार्य रहेको बताए । ‘सबै जात, समुदाय, धर्म, लिङ्ग र संस्कृतिका व्यक्तिहरूलाई समेट्ने समुन्नत समाज निर्माण गर्न नयाँ सोच र सक्षम नेतृत्व आवश्यक छ,’ उनले भने । त्यसका लागि मतदाताले रास्वपाका उम्मेदवारहरूलाई जिताउनु पर्ने उनको स्पष्ट अपील थियो ।

उम्मेदवार शाक्यले पर्सा–४ बाट विगतमा विभिन्न दलका प्रतिनिधि निर्वाचित भए तापनि शिक्षा, स्वास्थ्य, पूर्वाधार र रोजगारी सिर्जना जस्ता आधारभूत क्षेत्रमा ठोस सुधार हुन नसकेको दाबी गरे । उनले स्थानीय युवाहरू रोजगारीका लागि विदेश जान बाध्य भएको उल्लेख गर्दै अब परिणाममुखी र जबाफदेही नेतृत्वको आवश्यकता रहेको बताए ।

रास्वपाको चुनावी एजेन्डा प्रस्तुत गर्दै शाक्यले सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणलाई पार्टीको पहिलो प्राथमिकता भएको बताए । साथै उनले शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा विस्तार गर्ने, कृषिमा आधुनिकीकरण र साना तथा मझौला उद्यम प्रवद्र्धनमार्फत स्थानीय रोजगारी सिर्जना गर्ने, र पूर्वाधार विकासमा तीव्रता ल्याउने प्रतिबद्धता जनाए । शाक्यले रास्वपासँग देशका सबै क्षेत्रमा समान र सन्तुलित विकास गर्न सक्ने स्पष्ट योजना र सक्षम टिम रहेको दाबी गर्दै परिवर्तन चाहने मतदातालाई पार्टी रोज्न आग्रह गरे।

उनका अनुसार पर्सा–४ मा स्थानीय विकास, युवाशक्ति समावेशी योजना र पारदर्शी प्रशासनको सुनिश्चितता यही चुनावको मुख्य मुद्दा बन्नेछ ।

घरदैलो अभियानमार्फत शाक्यले मतदातासँग प्रत्यक्ष संवाद र विश्वास निर्माण गर्दै रास्वपाको प्रचार प्रसारलाई थप गति दिएका छन् ।

# गेरुका नदी संरक्षण तथा सफाइ अभियानको तेस्रो वार्षिकोत्सव




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धार्मिक, सांस्कृतिक, आर्थिक तथा पर्यावरणीय दृष्टिले महत्वपूर्ण मानिएको गेरुका नदी संरक्षण तथा सफाइ अभियानले तीन वर्ष पूरा गरेको अवसरमा शनिबार विशेष कार्यक्रमका साथ वार्षिकोत्सव मनाइएको छ ।
अभियानको तेस्रो वर्षगाँठका अवसरमा नदी किनारमा सरसफाइ, वृक्षारोपण, झण्डोतोलन तथा पूजा–आरती कार्यक्रम सम्पन्न गरिएको हो । स्थानीयवासी, अभियन्ता, सामाजिक संघसंस्था तथा युवाहरूको उल्लेखनीय सहभागितामा कार्यक्रम उत्साहपूर्ण रूपमा सम्पन्न भएको जनाइएको छ ।
तीन वर्षअघि आजकै दिनदेखि प्रत्येक शनिबार साप्ताहिक रूपमा नदी सफाइ अभियान सुरु गरिएको थियो । त्यसयता नियमित सरसफाइ, वृक्षारोपण, 'नदी संवाद' कार्यक्रम, नदीको संगमदेखि उद्गमसम्म पैदल यात्रा लगायत विभिन्न जनचेतनामूलक गतिविधिहरू सञ्चालन हुँदै आएका छन् ।
अभियानकर्ताहरूका अनुसार यस पहलले नदी संरक्षणमा मात्र नभई स्थानीय समुदायबीच सामाजिक एकता र सद्भाव अभिवृद्धि गर्न समेत महत्वपूर्ण भूमिका खेलेको छ । नदी केन्द्रित धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना हुन थालेपछि स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव परेको उनीहरूको भनाइ छ ।
पर्यावरणीय सन्तुलन कायम राख्दै नदीलाई स्वच्छ, सुरक्षित र जीवन्त बनाउने लक्ष्यसहित सुरु गरिएको अभियानले क्रमशः जनसमर्थन बढाउँदै लगेको छ ।
आयोजकका अनुसार आगामी दिनमा पनि नदी संरक्षणलाई अझ प्रभावकारी र दिगो बनाउन नियमित सरसफाइ, जनचेतना अभिवृद्धि र सामुदायिक सहभागितालाई निरन्तरता दिइनेछ ।

# अन्तर्राष्ट्रिय नाट्य महोत्सव फागुन ५ देखि




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मैथिली विकास कोषको आयोजना तथा शिक्षा तथा संस्कृति मन्त्रालय र जनकपुरधाम उपमहानगरपालिकाको सहआयोजनामा हुने जनकपुरधाम साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सवको पाँचौं श्रृंखला भव्यताका साथ सञ्चालन हुने भएको छ ।
फागुन ५ गते मंगलबारदेखि ८ गते शुक्रबार (१७–२० फेब्रुअरी २०२६) सम्म चल्ने महोत्सवबारे आयोजित पत्रकार सम्मेलनमा कोषका अध्यक्ष जीवनाथ चौधरीले मैथिली भाषा, साहित्य र संस्कृति हाम्रो पहिचान भएको उल्लेख गर्दै महोत्सवमार्फत चार दिनसम्म भाषा, साहित्य, कला, नाटक तथा सामाजिक विमर्शलाई जीवित राख्ने प्रयास गरिएको बताए । उनले जनकपुरधामवासीको सक्रिय सहभागिताले नै महोत्सवको उत्साह र प्रतिबद्धतालाई सार्थक बनाउने धारणा व्यक्त गरे ।
उनका अनुसार स्थापना कालदेखि नै मैथिली विकास कोष भाषा, साहित्य, संस्कृति र कलाको सम्मान र संरक्षणमा सक्रिय रहँदै आएको छ । प्रत्येक दुई वर्षमा आयोजना हुने यो महोत्सवले सांस्कृतिक सृजनालाई प्रवद्र्धन गर्नुका साथै सामाजिक न्याय, स्त्रीवाद, दलित विमर्श र शिक्षा जस्ता संवेदनशील विषयमा गहन छलफलको माध्यम बन्ने गरेको छ ।
महोत्सव अवधिभर २० भन्दा बढी कार्यक्रम आयोजना गरिनेछन् । उद्घाटन समारोहपछि शहरमा शोभा यात्रासहित सांस्कृतिक झाँकी प्रस्तुत गरिनेछ ।
चार दिने महोत्सवमा विद्यालयस्तरीय वक्तृत्वकला, कविता वाचन तथा लोकनृत्य प्रतियोगिता, मिथिला चित्रकला कार्यशाला र प्रदर्शनी, पुस्तक प्रदर्शनी, मैथिली आख्यान लेखन तथा विभिन्न विमर्शात्मक कार्यक्रम समावेश छन् ।
नाट्य क्षेत्रमा नेपालको 'मिनाप', 'रङ्गदर्पण जनकपुर' र भारतको 'चेतना समिति, पटना' लगायतका नाट्य समूहले प्रस्तुति दिनेछन् । प्रमुख नाटकहरूमा 'छुतहा घैल', 'कथा नइ भेटल', 'जटजटिन' र 'देसिल बयना बहुरुपिया' प्रदर्शन गरिनेछ ।
सांस्कृतिक कार्यक्रमसँगै 'उठलै किए विहाडि ?' (राजनीति), 'पग पग पोखरी पियासल लोक', 'भाषाः राजकाज र समाज', 'मैथिली साहित्यक समकालीन स्त्रीवाद' तथा 'सामाजिक सञ्जालः अवसर र चुनौती' जस्ता विषयमा विशेषज्ञहरूले आफ्नो धारणा राख्नेछन् ।
महोत्सवको विशेष आकर्षणका रूपमा मिथिला भोजन प्रदर्शनी, चित्रकला तथा हस्तकला प्रदर्शनी, नेपाली र भारतीय विद्वान तथा गायक–गायिकाको सांस्कृतिक प्रस्तुति रहनेछ ।
चौथो दिन (फागुन ८ गते) समापन समारोहमा पुरस्कार वितरण, कवि गोष्ठी तथा विशेष सांस्कृतिक कार्यक्रम आयोजना गरिने जनाइएको छ ।
कोषका अध्यक्ष चौधरीले सञ्चारकर्मी, साहित्यकार तथा जनकपुरधामवासीको सक्रिय सहभागिताले नै महोत्सव सफल हुने विश्वास व्यक्त गर्दै यो महोत्सवले भाषा, साहित्य, कला र संस्कृतिमा दीर्घकालीन योगदान दिने अपेक्षा राखेको बताए ।
मैथिली विकास कोषले विगतका वर्षझैँ यसपटक पनि महोत्सवमार्फत जनकपुरधामवासीमा भाषा, साहित्य, कला र संस्कृति प्रतिको प्रेम तथा सहभागिता अझ सशक्त बनाउने लक्ष्य राखेको छ ।

# वीरगंज–३० मा एमालेको पकड बलियो
## मनोज साह कानुसहितका कार्यकर्ता एमालेमा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. ३० मा जनता समाजवादी पार्टी (जसपा) का स्थानीय नेता मनोज साह कानुसहित करिब एक सय जना नेता तथा कार्यकर्ताले पार्टी परिवर्तन गर्दै नेकपा एमाले रोजेका छन् । वडा नं. ३० मा आयोजित वडा भेला तथा पार्टी प्रवेश कार्यक्रममा उनीहरूले औपचारिक रूपमा जसपा परित्याग गरी एमालेमा आबद्धता जनाएका हुन् ।
नवप्रवेशीहरूलाई नेकपा एमाले पर्सा निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रदीप यादव तथा पार्टीका केन्द्रीय र जिल्ला तहका नेताहरूले फुलमाला र अविर लगाएर स्वागत गरेका थिए । कार्यक्रममा उत्साहजनक सहभागिता रहेको जनाइएको छ ।
पार्टी प्रवेशपछि बोल्दै नवआबद्ध नेताहरूले पर्साको समग्र विकास र समृद्धिका लागि सक्षम र दृढ नेतृत्व आवश्यक रहेको धारणा व्यक्त गरे । उनीहरूले प्रदीप यादवको नेतृत्वमा जिल्लाको विकासले गति लिने विश्वासका साथ एमालेमा प्रवेश गरेको बताए । साथै, आगामी दिनमा संगठन विस्तार गर्दै जनताको हकहितका पक्षमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए ।
स्थानीय नेताहरूका अनुसार मनोज साह कानुको आगमनसँगै वडा नं. ३० मा एमालेको संगठनात्मक संरचना थप मजबुत बनेको छ । यस प्रवेशले आगामी निर्वाचनमा पार्टीको स्थिति अझ सुदृढ हुने दाबीसमेत गरिएको छ । कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य उर्मिला देवकोटा, विजय सरावगी, पर्सा जिल्ला सचिव महेश दास, मानदेव हजरा, सुन्दर कुर्मी लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।
समारोहलाई सम्बोधन गर्दै उम्मेदवार प्रदीप यादवले आफू सधैं जनताको सुख दुःखमा साथ दिँदै आएको उल्लेख गरे ।
विकास र समृद्धिको एजेन्डामा कुनै सम्झौता नगर्ने बताउँदै उनले चुनावी समयमा मात्र सक्रिय हुने प्रवृत्ति अन्त्य हुनुपर्नेमा जोड दिए । साथै उनले मतदातालाई नेकपा एमालेको 'सूर्य' चुनाव चिह्नमा मतदान गरी समृद्ध पर्सा निर्माणको अभियानमा साथ दिन आग्रह गरे ।

# वीरगंज–१४ मा जनमतको घरदैलो तीव्र
## सर्राफद्वारा कृषि केन्द्रित विकासको प्रतिबद्धता

**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर–१ मा चुनावी माहोल तातिँदै जाँदा जनमत पार्टीका उम्मेदवार ओमप्रकाश सर्राफले वीरगंज महानगरपालिका वडा नम्बर–१४ पिप्रामा व्यापक घरदैलो, भेटघाट तथा संवाद कार्यक्रम सम्पन्न गरेका छन् । स्थानीय बासिन्दासँग प्रत्यक्ष भेटेर सुझाव लिने र आफ्ना एजेन्डा प्रस्तुत गर्ने उद्देश्यले आयोजित कार्यक्रममा उत्साहजनक सहभागिता देखिएको जनाइएको छ ।
घरदैलोका क्रममा उम्मेदवार सरार्फले तराई मधेशको मुख्य आयस्रोत कृषि भएको उल्लेख गर्दै राज्यले वर्षौंदेखि किसानमाथि विभेद गर्दै आएको आरोप लगाए । उनले किसानलाई सम्मान र अधिकार सुनिश्चित गर्न जनमत पार्टी सधैं प्रतिबद्ध रहेको दाबी गरे । 'कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण नगरेसम्म समृद्ध मधेश सम्भव छैन,' उनले भने, 'उत्पादन वृद्धि, उचित बजार र प्रविधिमा पहुँच विस्तार गरेर मात्र किसानको आम्दानी बढाउन सकिन्छ, र त्यो स्पष्ट योजना जनमत पार्टीसँग छ ।'
सरार्फले वीरगंजस्थित कृषि औजार कारखानालाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन आफू दृढ रहेको पनि बताए । सो कारखाना सञ्चालनमा आए किसानलाई सुलभ दरमा आधुनिक उपकरण उपलब्ध हुने र स्थानीय रोजगारी सिर्जना हुने उनको भनाई थियो ।
देश र मधेशको दीर्घकालीन निकासका लागि जनमत पार्टी र डा. सिके राउतसँग स्पष्ट र उत्कृष्ट दृष्टिकोण रहेको जिकिर गर्दै उनले मतदातालाई 'हर्न' चुनाव चिन्हमा मतदान गर्न अपिल गरे । 'विकासको नयाँ अध्याय सुरु गर्न सही नेतृत्व चयन आवश्यक छ,' उनले जोड दिए ।
कार्यक्रममा पार्टीका नेताहरू विद्याला प्रसाद, रम्भा मिश्रा, समानुपातिक उम्मेदवार विजय पासवान, डा. मनोज कुमार, सीए देवराज, श्याम शंकर चौरसिया, अनिता रौनियार, सिकेन्द्र पटेल, रोहित पटेल, सत्युग साह, तुल्सिराम, सहनवाज राकी, अजित सिंह, मन्जय शर्मा, सुमित सिंह, रामबहादुर पासवान लगायतको उल्लेख्य उपस्थिति रहेको थियो ।
स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गर्दै जनमत पार्टीले कृषक मैत्री नीति, रोजगारी सृजना र क्षेत्रीय समृद्धिलाई चुनावी एजेन्डाको केन्द्रमा राखेको सन्देश दिएको छ । पिप्रामा सम्पन्न यस कार्यक्रमले पर्सा–१ मा जनमतको चुनावी अभियानलाई थप गति दिएको नेताहरूले बताएका छन् ।

# अशोक टेमानीको घरदैलो, ग्रामीण विकास र युवालाई प्राथमिकता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–२ मा जनता समाजवादी पार्टीका प्रतिनिधिसभा सदस्य उम्मेदवार अशोक टेमानीले घरदैलो अभियान तीव्र पार्दै वीरगंज महानगरपालिका वडा नम्बर–२५ का मतदातासँग प्रत्यक्ष संवाद गरेका छन् ।
घरदैलोका क्रममा टेमानीले स्थानीयवासीको समस्या, आवश्यकता र अपेक्षाबारे विस्तृत जानकारी लिएका थिए । उनले विकास, रोजगारी, शिक्षा, स्वास्थ्य र आधारभूत सेवामा पहुँच अभावले ग्रामीण क्षेत्रका बासिन्दा अझै समस्या भोग्न बाध्य भएको भन्दै ती समस्याको समाधानलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरे । स्थानीय कृषकहरूले मल, बीउ र सिँचाइ सुविधा नपाउँदा उत्पादन घटेको, स्वास्थ्य सेवा पहुँच कमजोर रहेको र विद्यालयमा पूर्वाधारको कमी भएको गुनासो गरेका थिए । टेमानीले यी समस्या समाधानका लागि योजनाबद्ध रूपमा काम गर्ने बताए । यसैक्रममा वडा नं. २५ का करिब १५० जना युवाहरू जनता समाजवादी पार्टी मा प्रवेश गरेका छन् । नवप्रवेशी युवाहरूलाई स्वागत गर्दै उम्मेदवारले युवाको सक्रिय सहभागिताले पार्टी र अभियानलाई ऊर्जा दिएको उल्लेख गरे ।
घरदैलो कार्यक्रममा सहभागी स्थानीय मतदाताहरूले आफ्ना समस्या सुन्न उम्मेदवार आएकोमा सकारात्मक प्रतिक्रिया दिएका थिए । टेमानीले आगामी दिनमा पनि क्षेत्रका विभिन्न वडामा प्रत्यक्ष संवादलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

# अलौमा रिमाको आत्मीय घरदैलो
## फूलमाला, सगुन र 'सूर्य'मा मत दिन अपिल

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–२ अन्तर्गत वीरगंज महानगरपालिका–१७ अलौमा शनिबार सम्पन्न घरदैलो कार्यक्रम सामान्य चुनावी अभियानभन्दा फरक देखियो । उम्मेदवार रिमा कुमारी यादव टोल–टोलमा पुग्दा कार्यक्रम आत्मीय भेटघाट र भरोसाको उत्सवजस्तै बनेको थियो ।स्थानीय आमा दिदीबहिनी तथा ज्येष्ठ नागरिकहरूले यादवलाई 'लक्ष्मीको स्वरूप' भन्दै खुलेर समर्थन जनाए । उनलाई फूलमाला र अबिरले स्वागत गरिनुका साथै विजयको कामना गर्दै दही मिठाई (सगुन) खुवाएर सम्मान व्यक्त गरियो । घरआँगनमै भएको यस्तो आत्मीय स्वागतले चुनावी माहोल थप उत्साहित बनेको सहभागीहरूले बताए । यादवले औपचारिक भाषणभन्दा प्रत्यक्ष संवादलाई प्राथमिकता दिइन् । उनले स्थानीय बासिन्दाका समस्या, गुनासा र सुझाव ध्यानपूर्वक सुन्दै आफू काममुखी राजनीतिमा विश्वास गर्ने बताइन् । 'म शब्दभन्दा परिणाममा विश्वास गर्छु । यहाँबाट पाएको विश्वास नै मेरो ऊर्जा हो,' उनले भनिन् । उनले महिलाको आवाजलाई नीति निर्माण तहसम्म पु-याउने प्रतिबद्धता दोहो-याउँदै शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार र रोजगारी सिर्जनामा ठोस पहल गर्ने योजना प्रस्तुत गरिन् । साथै फागुन २१ गते 'सूर्य' चुनाव चिन्हमा मतदान गर्न मतदातालाई आग्रह गरिन्, ताकि विकासको निरन्तरता र प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्न सकियोस् ।कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य विजय सरावगी, समानुपातिक उम्मेदवार बिचारी यादव, वडा नम्बर–१७ का वडा अध्यक्ष संजु छत्कुली तथा युवा नेताहरू मुकेश द्विवेदी, अजय साह, पिन्टु उपाध्याय, अमल यादव, प्रधुमन यादव र विकी सिंहसहित समर्थकहरूको उल्लेख्य उपस्थिति थियो ।
अलौमा देखिएको आत्मीय स्वागत र उत्साहपूर्ण सहभागिताले पर्सा–२ मा चुनावी प्रतिस्पर्धा थप रोचक बनेको संकेत दिएको नेताहरूले बताएका छन् ।

# डिएमओ उत्तीर्ण गरेकाहरुको परीक्षा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
म्याथम्याटिकल एसोसिएसन अफ नेपालका द्वारा आयोजित अन्तर्राष्ट्रिय गणित ओलम्पियाडमा आईएमओ छनौट अन्तर्गत डिएमओ परीक्षा उत्तीर्ण गरी आइएमओ का लागि छनोट भएका पर्सा तथा बारा जिल्लाका विद्यार्थीहरूको प्रदेशस्तरीय परीक्षा शनिबार सफलतापूर्वक सम्पन्न भएको छ ।
परीक्षा शनिबार दिउँसो ११ बजे तीन केन्द्रमा सञ्चालन गरिएको थियो, जसमा नेशनल इन्फोटेक कलेज वीरगंज पर्सा, मुनलाइट एकेडेमी चन्द्रपुर रौटहट तथा जानकी मा.वि जनकपुरधाम धनुषामा एक साथ सम्पन्न भएको म्याथम्याटिकल एसोसिएसन अफ नेपाल मधेश प्रदेशका सचिव रामबाबु बैठाले जानकारी दिए । परीक्षा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधिहरूको अवलोकनमा सम्पन्न भएको आयोजकले जनाएको छ । मधेश प्रदेशतर्फ कुल १०० जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । नेपालमा आईएमओका लागि विद्यार्थी छनोट प्रकृया जिल्ला, प्रदेश र राष्ट्रिय चरण हुँदै अघि बढ्ने व्यवस्था रहेको छ ।

## सम्पादकीय

# राजस्वको रित्तो ढुकुटी र खस्कँदो विकासको सपना

पुस मसान्तसम्मको सरकारी तथ्याङ्कले मुलुकको अर्थतन्त्रको ऐना प्रस्ट देखाएको छ—जहाँ लक्ष्य अनुसारको राजस्व संकलन हुन सकेको छैन। सरकारले राखेको महत्वाकांक्षी लक्ष्य र भुईँतहको यथार्थबीच ठूलो खाडल देखिँदा देशको ढुकुटी रित्तिँदै गएको संकेत मिल्छ। जब राज्यको आयस्रोत नै खुम्चिन्छ, त्यसको पहिलो र प्रत्यक्ष प्रहार विकास निर्माणका आयोजनाहरूमा पर्नु स्वाभाविक भए पनि यो पटकको मन्दीले अर्थतन्त्रलाई गम्भीर मोडमा पुऱ्याएको छ।

राजस्व संकलनमा आएको यो ह्रासको सबैभन्दा ठूलो मार स्थानीय र प्रदेश सरकारमा परेको छ। संघीय सरकारले वित्तीय समानीकरण अनुदान र अन्य बजेटमा ३० प्रतिशतसम्म कटौती गर्ने निर्णय गर्दा गाउँ–गाउँमा सञ्चालित साना तथा मझौला योजनाहरू अलपत्र पर्ने अवस्थामा पुगेका छन्। स्थानीय तह, जो जनतासँग सिधा जोडिएका हुन्छन्, त्यहाँ बजेट काटिनु भनेको प्रत्यक्ष रूपमा जनताको विकासको चाहनामाथि अंकुश लाग्नु हो। यसले संघीयताको मर्मलाई समेत कमजोर बनाएको छ।

राजस्व लक्ष्य नपुग्नुको पछाडि आयातमा आएको गिरावट, बजारमा देखिएको सुस्तता र कमजोर पुँजीगत खर्च मुख्य कारण मानिएका छन्। तर, अर्कोतर्फ कर प्रशासनमा रहेका चुहावट र नीतिगत कमजोरीलाई सुधार गर्न नसक्नु सरकारको लाचारी हो। एकातिर व्यापारिक गतिविधि सुस्त हुनु र अर्कोतिर संकलित रकम पनि चालू खर्च (तलब, भत्ता) मै सकिनुले मुलुकको आर्थिक स्वास्थ्य निकै नाजुक रहेको पुष्टि गर्छ। 'देश उठ्न नसक्नु' को मुख्य जड यही संरचनात्मक कमजोरी नै हो।

यस्तो संकटको घडीमा सरकारले केवल बजेट कटौती गरेर मात्र जिम्मेवारीबाट पन्छिन मिल्दैन। बजेट कटौती गर्दा प्रशासनिक र अनुत्पादक खर्चमा कैंची चलाउनुपर्नेमा विकास बजेट काट्नु प्रत्युत्पादक हुन्छ। विकास आयोजनाहरू रोकिँदा बजारमा पैसाको चलायमान कम हुन्छ, जसले फेरि राजस्व संकलनलाई थप घटाउँछ। यो एउटा यस्तो दुष्चक्र हो, जसले मुलुकलाई आर्थिक मन्दीको अझ गहिरो दलदलमा धकेल्न सक्छ।

अन्त्यमा, राजस्व संकलनको लक्ष्य भेटाउन र मुलुकलाई आर्थिक रूपमा तंग्र्याउन ठोस कार्ययोजनाको आवश्यकता छ। सरकारले केवल अंकगणितीय हिसाबमा बजेट घटाउने भन्दा पनि राजस्वका नयाँ क्षेत्रहरू पहिल्याउने र कर छली रोक्न कडा कदम चाल्नुपर्छ। स्थानीय र प्रदेश सरकारको बजेट कटौतीले नागरिकमा निराशा पैदा गर्ने भएकाले, वैकल्पिक स्रोतको व्यवस्थापन गर्दै विकासका कामलाई निरन्तरता दिनु नै आजको मुख्य चुनौती र समाधान दुवै हो।

# समयअगावै हुन लागेको चुनावका पाँच पक्ष

**प्रदीप बस्याल/बीबीसी**

यसै वर्षको सुरुवाती महिनामा पनि नेताहरूले आपसी कुराकानीमा '८४ मा देखाइदिने' वा 'मिशन ८४' जस्ता कुरा खुबै दोहो¥याउँथे। तर नाटकीय घटनाक्रममाझ भदौमा हिंसात्मक बनेका दुई दिने घटनाक्रमले नेपालमा करिब दुई वर्ष अगावै चुनाव हुने परिस्थिति बनेपछि २०८२ सालमै चुनाव हुँदै छ। नवयुवा जेन्जीहरूको अगुवाइमा भएको आन्दोलनले नेपाललाई सदाका लागि फेरिदिएको टिप्पणी हुने गरेको पाइन्छ।

'यो विशेष अवस्थामा हुन लागेको चुनाव हो। यसले देशलाई निकास दिनुपर्छ। देशको भविष्य कोर्ने चुनाव हो यो,' चुनावी माहोल बुझ्न पूर्वी नेपालको पाथिभरा पुग्ने क्रममा प्रधानमन्त्री सुशीला कार्कीले यसै साता भनिन्। बिथोलिएको त्यही समयक्रमले गर्दा फागुन २१ को चुनाव अघिल्ला दुई आमनिर्वाचनभन्दा फरक प्रदेशसभासहित नभएर प्रतिनिधिसभाका लागि मात्र हुँदै छ।

**टिकटकले जेन्जी आन्दोलनको बेलासहितका तीन महिनामा नेपालबाट हटायो '२८ लाख भिडिओ'**

**जेन्जी आन्दोलनको जड भ्रष्टाचार र सुशासन, तर त्यसबारे उच्चस्तरीय आयोग किन बन्न सकेन?**

जेन्जी आन्दोलनका क्रममा भागेका कैदीबन्दी र लुटिएका हतियारका कारणले उत्पन्न त्रासमाझ यस पटक सुरक्षाव्यवस्थामा समेत थप ध्यान दिइँदा राज्यकोषमा यस चुनावको आर्थिक भार समेत अतिरिक्त रहेको बताइएको छ।

जेन्जी मुद्दाका छाया

भदौका आन्दोलनको तत्कालीन कारणका रूपमा सामाजिक सञ्जालमाथि लगाइएका प्रतिबन्ध देखिएका थिए। त्यसले अभिव्यक्ति स्वतन्त्रताको विषय अगाडि सारेको थियो। तर नवयुवाहरूले त्यसलाई सुशासन पक्षधर र भ्रस्टाचारविरोधी आक्रोशका रूपमा अथ्र्याउने गरेका पाइन्छन्।

त्यसलाई उनीहरूले रोजगारी, नातावाद–कृपावादसँग जोडेर बढिरहेको असमानताका रूपमा उठाएको एकजना भ्रस्टाचारसम्बन्धी अनुसन्धान गर्ने त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक दीपेश घिमिरे बताउँछन्। राजनीतिमा पुस्तान्तरणका कुरा दलभित्रै र यसपटक उम्मेदवार चयनका क्रममा समेत निकै हावी भए। कतै प्रत्यक्ष निर्वाचित कार्यकारी, कतै प्रदेश खारेजीजस्ता बहस पनि चले पनि त्यसका लागि संविधान संशोधन गर्न चाहिनेगरी बलियो भएर संसद्मा पुग्नुपर्ने कुरा दल तथा उम्मेदवारहरूले उठाएका पाइन्छन्।

**नौ लाख मतदाता थप**

आमनिर्वाचनमा मत हाल्न योग्य मतदाता यसपटक १ करोड ८९ लाख ३ हजार एकजना पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ यस चुनावलाई 'एकदमै अप्ठ्यारो स्थितिमा हुन लागेको" बताउँदै त्यसको मूख्य लक्ष्य भदौको 'विद्रोहको अवसान' गर्नु हुने बताउँछन्। 'मतदाताले नचाएको घटनाक्रमका रूपमा आएको चुनाव भएकाले उनीहरूले यसलाई राजनीतिक स्थायित्व र संवैधानिक व्यवस्था कायम राख्नका लागि गहिरोसँग हेरिरहेका छन्।'

६ सय ८९ पुगेको निर्वाचन आयोगले जनाएको छ। जुन पछिल्लो आमनिर्वाचनको तुलनामा ९ लाख १५ हजार १ सय १९ मतदाता थप हो।

यसअघि २०७९ सालमा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा देशभरि कुल १ करोड ७९ लाख ८८ हजार ५ सय ७० मतदाता थिए।

जसमा पुरुषको संख्या धेरै अर्थात् साढे ९६ लाखभन्दा केही बढ्ता छ भने महिलाहरू करिब साढे ९२ लाखको संख्यामा छन्।

जनगणना २०७८ अनुसार कुल सङ्ख्याको ५१.१ प्रतिशत महिला भए पनि मतदाता भने लाखौँ अन्तरले पुरूष धेरै देखिनुलाई चासोपुर्वक हेरिएको पाइन्छ। सबैभन्दा धेरै मतदाता बागमती प्रदेशमा ३६ लाख ८२ हजारभन्दा धेरै र कम कर्णाली प्रदेशमा १० लाख ३७ हजार छन्।

**उम्मेदवार कति?**

नेपालले अँगालेको निर्वाचन प्रणाली अनुसार प्रत्यक्ष र समानुपातिक गरी दुईवटा प्रणाली अन्तर्गत उम्मेदवारहरू चुनावमा सहभागी हुन पाउँछन्।

निर्वाचन आयोगका अनुसार प्रत्यक्ष प्रणालीतर्फ ३,४०६ जनामा ४१ देखि ६० वर्षको उमेर समूहका उम्मेदवार सबैभन्दा धेरै १ हजार ९ सय २५ जना छन्। समानुपातिक निर्वाचन प्रणालीतर्फको ६३ राजनीतिक दलबाट कुल ३ हजार १ सय ३५ अन्तिम सूचीमा कायम भएका छन्।

बन्दसूचीमा १ हजार ७ सय ७२ महिला र १ हजार ३ सय ६३ पुरूष उम्मेदवार रहेको निर्वाचन आयोगले जनाएको छ। समानुपातिकतर्फ ४० देखि ४४ वर्षे उमेर समूहमा सबैभन्दा धेरै ५३५ जना छन्।

'सकेसम्म युवक पीढीका उम्मेदवारहरू आउन् भन्ने प्रयास समेत गरेको देखिन्छ। पुरानो राजनीतिक दलहरूले त्यसको विवशता अनुभव गरेका छन्,' पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ भन्छन्।

**करिब ११ हजार मतदान स्थल**

देशभर कुल १० हजार ९ सय ६७ मतदानस्थलमा २३ हजार १ सय १२ मतदान केन्द्र तोकिएको निर्वाचन आयोगले जनाएको छ। नेपाल प्रहरीका प्रवक्ता अबिनारायण काफ्लेका अनुसार चुनावमा ४ हजार ४ सय ४२ वटा संवेदनशील मतदान स्थल र ३ हजार ६ सय ८० वटा अति संवेदनशील मतदान स्थल वर्गीकरण गरेर काम भइरहेका छन्। निर्वाचन आयोग र जिल्ला सुरक्षा समिति मिलेर त्यस्तो मूल्याङ्कन गरेर वर्गीकरण गरेका हुन्।

प्रवक्ता काफ्ले भन्छन्, 'त्यस क्रममा भौगोलिक विकटता, यातायातको सुविधा, सञ्चारको पहुँच एवम् उक्त क्षेत्रका मतदाताको संख्या, हिंसात्मक गतिविधि एवं आपराधिक प्रभाव रहे नरहेको; राजनीतिक, धार्मिक, जातीय र साम्प्रदायिक तनाव एवम् खुला सीमानालाई आधार मानिएको छ।'

**कति दल सहभागी**

नेपालको निर्वाचन आयोगमा माघ महिनासम्ममा १३७ राजनीतिक दल दर्ता छन्। तीमध्ये प्रतिनिधिसभा चुनावका लागि समानुपातिकतर्फ ५७ दल र प्रत्यक्षतर्फ ६६ दल एवं स्वतन्त्र उम्मेदवारहरू सहभागी छन्। निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जीसीका अनुसार सबै १ सय ६५ निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएको दल नेपाली कांग्रेस मात्र छ भने आठवटा दलले एक–एक निर्वाचन क्षेत्रमा मात्र उम्मेदवार उठाएका छन्।

'देशभर १ हजार १ सय ४३ स्वतन्त्र उम्मेदवार यस पटक चुनावी प्रतिस्पर्धामा छन्,' जीसीले भने।

# निर्वाचन गणतन्त्रको संस्थागत सुदृढीकरणको परीक्षा हो

*नेपाल सरकारको प्रशसन सेवामा विभिन्न मन्त्रालयमा सचिव पदसम्म सम्हालेको र संवैधानिक पदहरूमा अञ्चलाधीश र प्रमुख निर्वाचन आयुक्त समेत रहेर सफलतापूवर्क जिम्मेवारी पूरा गर्नु भएका सूर्यप्रसाद श्रेष्ठ समयसम्म कुटनीतिक क्षेत्रमा पनि विभिन्न देशको राजदूत रहनुभएको थियो। २०४२ सालमा प्रमुख निर्वाचन आयुक्त हुनुभएका उहाँले २०४३ सालको राष्ट्रिय पञ्चायतको निर्वाचन, २०४४ सालको स्थानीय निर्वाचन, २०४८ सालको आम निर्वाचन र २०४९ सालमा स्थानीय निर्वाचन सफलतापूर्वक सम्पन्न गराउनुभएका उहाँको यसैवर्ष लोकतन्त्र र जनअभिमत नामक नेपालको निर्वाचन नालेबेली पुस्तक प्रकाशित भएको छ। प्रस्तुत छ, पूर्व प्रमुख निर्वाचन आयुक्तको हैसियतमा उहाँसँग विगतका निर्वाचन अनुभव र आसन्न निर्वाचनका विभिन्न पक्षहरूमा केन्द्रित रही राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीः*



सूर्यप्रसाद श्रेष्ठ, पूर्व प्रमुख निर्वाचन आयुक्त

**तपाईं प्रमुख निर्वाचन आयुक्त रहँदा देख्नुभएको निर्वाचनसम्बन्धी मुख्य समस्या र अहिलेको समस्यालाई कसरी तुलना गर्नुहुन्छ?**

विश्वभरि नै निर्वाचन पद्दति र प्रणाली एकैनासको हुन्छ। प्रविधिको विकासले गर्दा यसमा छिटो छरितो सरल र सहज भएको छ। सैद्धान्तिक रूपमा स्वतन्त्र, शान्तिपूर्ण रूपमा सम्पन्न गर्नु नै निर्वाचनको मुख्य उद्देश्य हो। पहिले प्रविधिको विकास नहुँदा निर्वाचन प्रक्रियाका अधिकांश कामहरू हस्तलिखित नै हुने गर्दथे, सञ्चार माध्यमहरू पर्याप्त नहुँदा सञ्चार प्रक्रिया निकै कठिन थियो। अहिले सूचना तथा सञ्चार प्रविधिको विकासले सजिलो, कम खर्चिलो र छिटोछरितो भएको छ। निर्वाचन प्रक्रियामा २०४२ सालमा नेपाली फन्टको अभ्यास गरेका थियौँ। जबकी त्यतिबेलासम्म भारतमा समेत देवनागरी लिपि थिएन। अहिलेको जस्तो छ महिनाभित्र निर्वाचन गराउनसक्ने अवस्था पहिले थिएन। सुरक्षाको विषय समयक्रम अनुसार फरक हुनु स्वभाविक नै हो।

**आम निर्वाचन २०८२ लाई निष्पक्ष, स्वतन्त्र र विश्वसनीय बनाउन निर्वाचन आयोगले अहिले नै कुन–कुन क्षेत्रमा विशेष ध्यान दिनु आवश्यक देख्नुहुन्छ?**

निर्वाचन आयोगलदाई स्वतन्त्र, संवैधानिक निकायका रूपमा विश्वका धेरै देशहरूमा मान्यता दिइएको छ। सरकार, राजनीतिक दलको प्रभाव नपरोस् भन्ने कुरामा विशेष जोड दिइएको हुन्छ। निर्वाचन आयोग नेपालको लोकतान्त्रिक भविष्यका लागि सबैभन्दा महत्वपूर्ण सस्था हो। संविधानले यसलाई स्वतन्त्र तथा निस्पक्ष गराउन खोजेको छ। शान्तिपूर्ण र स्वतन्त्र निर्वाचन नै लोकतन्त्रको स्तम्भ हो। २०१५ सालको संविधानले निर्वाचन आयोगसम्बन्धी व्यवस्थाको उल्लेख गरिएको थियो। २०१७ सालको राजनीतिक 'कु' पछि बनेको २०१९ सालको संविधानमा यसबारेमा कुनै व्यवस्था नभए पनि २०२४ सालमा गरिएको संशोधनपछि निर्वाचन आयोगलाई संवैधानिक मान्यता दिइयो। त्यसपछि निर्वाचन आयोगले निष्पक्ष, स्वतन्त्र र विश्वसनीय हुने गरी संवैधानिक अङ्गको रूपमा विभिन्न निर्वाचनहरू सम्पन्न गर्दै आएको छ। नेपालको संविधान जारी भएपछि दोस्रो पटक हुन लागेको आम निर्वाचन २०८२ केबल सत्ता परिवर्तनको प्रक्रिया मात्र होइन, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत सुदृढीकरणको महत्वपूर्ण परीक्षा पनि भएकाले यसलाई त्यही अनुरूप बुझ्नु आवश्यक हुन्छ।

**पछिल्ला निर्वाचनहरूमा पैसाको प्रभाव, अवैध खर्च र राज्यस्रोतको दुरूपयोग गम्भीर चुनौतीका रूपमा देखिएका छन्। यसलाई नियन्त्रण गर्न व्यवहारिक उपाय के हुन सक्छ?**

सूचना सञ्चार प्रविधिले निर्वाचन प्रक्रियामा निकै सहजता आए पनि निर्वाचन खर्च भने निकै बढेको छ। पहिले ८–१० करोड रूपैयाँमा हुने निर्वाचन अहिलेसरकारी खर्च नै १९ अर्ब रूपैयाँ पुगेको छ। निर्वाचन खर्च बढ्न नदिन निर्वाचन आयोगले विशेष सर्तकता अपनाउनु पर्दछ। जनसङ्ख्याको अनुपातमा मतदान केन्द्रहरू निर्धारण हुने हुँदा त्यही अनुसार खर्चको मात्रा बढ्ने हो। व्यक्तिगत वा पार्टीगत रूपमा हुने खर्चलाई पनि सीमा लगाएर नियन्त्रण गर्नुपर्दछ। निर्वाचनमा व्यापक आर्थिक खर्च, राजनीतिक शक्तिको दुरूपयोग, स्वार्थसिद्ध चुनावी गठबन्धन, दलभित्रको आन्तरिक लोकतन्त्र कमजोर हुनु, मतदाताको बालिग मताधिकार हनन् र सत्तासिन शक्तिहरूले निर्वाचन प्रक्रियामा हस्तक्षेप जस्ता विकृतिहरू गम्भीर चुनौतीका रूपमा देखिएका छन्। यी समस्याहरूले निर्वाचनको विश्वसनीयता र लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरणमा बाधा पु¥याउने खतरा रहेको छ। अनावश्यक र भड्किलो निर्वाचनले लोकतन्त्रलाई बल पुग्दैन। नेपालको निर्वाचन प्रणालीमा सबैभन्दा चिन्ताजनक पक्षमध्ये एक हो—अत्यधिक निर्वाचन खर्च। कानुनले खर्च सीमा तोकेको भए पनि व्यवहारमा यसको प्रभावकारी पालना भएको देखिँदैन। खर्चिलो निर्वाचनले इमान्दार, सक्षम तर आर्थिक रूपमा कमजोर उम्मेदवारलाई राजनीतिबाट विस्थापित गर्ने खतरा बढाउँछ।

**मतदाता शिक्षाको अभावका कारण मत बदर हुने समस्या अझै कायमै छ। यसमा राज्य र आयोगको भूमिका कस्तो हुनुपर्छ?**

नेपालमा सामान्यतयाः हरेक निर्वाचन करिब ६० देखि ६५ प्रतिशत मतदाताले मतदान गर्ने गरेको पाइन्छ। सम्पूर्ण नागरिकलाई निर्वाचन किन आवश्यक छ भन्ने बारेमा अवगत गराउन र मतदान प्रकृयामा सहभागी गराउनुपर्ने हुन्छ। निर्वाचन केबल मतदानको प्रक्रियामा मात्र सिमित छैन, यसले सक्षम र जिम्मेवार सरकार गठन गर्न, जनप्रतिनिधित्व सुनिश्चित गर्न र लोकतान्त्रिक संस्थाहरूलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्ने भएकाले मतदाता शिक्षाको महत्व निकै रहन्छ। अहिले पनि बदर मत चारदेखि पाँच प्रतिशतको हाराहारीमा छ। यसलाई कम गर्दै लैजान निर्वाचन प्रणालीप्रति जनविश्वास बढाउँदै मतदाता शिक्षामा जोड दिनुपर्छ। मतदान जनताको सार्वभौम अधिकार हो। लोकतन्त्रप्रति जनताको आस्था र विश्वास अटल रहनुपर्छ र आचरण पनि त्यही अनुरूप हुनुपर्छ। विध्वंश र विनासले लोकतान्त्रिक खम्बालाई कमजोर बनाउने हुँदा यस्तो अवस्था आउन नदिन सरकार, राजनीतिक पार्टी र आम जनता पनि चनाखो रहनुपर्छ।

**निर्वाचन व्यवस्थापनमा सुरक्षा निकाय र प्रशासनको भूमिका कत्तिको सन्तुलित र व्यावसायिक हुनुपर्ने देख्नुहुन्छ?**

निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीको सङ्ख्या जनसङख्या र सुरक्षा अवस्थामा निर्भर गर्दछ। निर्वाचनलाई अतिरञ्जित गर्नु पनि हुँदैन। नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धानका बाहेक पनि यसपटकको निर्वाचनमा झण्डै डेढ लाख म्यादी प्रहरी नियुक्त गरिएको छ। २०४३ सालमा निर्वाचन गराउँदा प्रहरीको संख्या नपुग भएपछि राजनीतिक दलका कार्यकर्ताहरूलाई नै स्वयंसेवक बनाई शान्तिपूर्ण ढङ्गबाट गरिएको थियो।

**सोसल मिडिया, डिजिटल प्रचार र गलत सूचनाले निर्वाचन प्रक्रियामा पार्ने प्रभावलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ?**

केही वर्षयता सामाजिक सञ्जालको प्रयोग बढेसँगै गलत एवं भ्रामक सूचनाको मात्रा पनि बढेको छ। सामाजिक सञ्जालको माध्यमबाटै कुनै राजनीतिक दल वा उम्मेदवारलाई हराउन वा जिताउन सकिने जोखिम बढेको छ। यो लोकतन्त्रका लागि निकै खतरा हो। यसलाई व्यवस्थित गराउनु जरुरी छ। यस विषयमा यसपटक निर्वाचन आयोगले धेरै नै जोड दिएको देखिन्छ। साथै, राज्यका अन्य निकायहरू तथा सुरक्षा अङ्गहरूले पनि ध्यान दिन आवश्यक छ। अन्यथा यत्रो खर्च गरेर समय अगावै गरिएको निर्वाचन व्यर्थ हुनसक्छ। निर्वाचनपछि फेरि यसको विघटन गर्नुपर्छ भन्ने माग उठ्न सक्छ। आम सञ्चारका माध्यमहरूले पनि वास्तविक सूचना सम्प्रेषण गरी जनतालाई सुसूचित गराउन सकेमा मिथ्या वा भ्रमपूर्ण सूचना विस्तारै कम भएर जानेछ। अब नेपाल विश्वबाट अलग्गै हुन सक्दैन, अन्य देशका घटनाहरू वा नेपालका विषयहरू पनि क्षणभर विश्वव्यापी हुने गर्दछ। आज विदेशमा बस्नेहरूले यहाँको राजनीतिमा प्रभाव पार्ने अवस्था छ। आज सामाजिक सञ्जाल बुलेट जस्तो बनेको छ, क्षणभरमै राजनीतिलाई वारपार लगाउन सक्छ भन्ने उदाहरण गत भदौ २३ र २४ को घटनाले नै देखाएको छ। त्यसैले सञ्चार माध्यम र सामाजिक सञ्जाल चलाउने हरेक नागरिकले निस्पक्षता, विश्वसनीयता र जिम्मेवारीका सिद्धान्तलाई परिपालना गर्नु आवश्यक हुन्छ।

**निर्वाचनलाई निस्पक्ष रूपमा सम्पन्न गराउन जारी गरिएको आचारसंहिता कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन कानुनी सुधार आवश्यक छ कि छैन?**

निर्वाचनलाई निस्पक्ष, स्वतन्त्र र धाँधलीरहित रूपमा सम्पन्न गराउन निर्वाचन आयोगसँग अधिकार प्रशस्त छ। निर्वाचन आचारसंहिताले सरकारका नियमित कामकारवाहीलाई पनि प्रभावित पार्न सक्छ। वास्तवमा आचारसंहिता सर्वमान्य आचार निर्माण गर्ने विधि हो, त्यसका सरोकारवाला पक्षले इमान्दारिताका साथ पालना गर्नुपर्छ तर पछिल्लो समय यसले कानूनी हैसियत लिन थालेको छ। आचारसंहितामै सजायकारी व्यवस्था गर्नुपर्ने अवस्था आएको छ। यसको प्रयोग र पालना गर्दा होसियारीपूर्व गर्नुपर्ने हुन्छ। आचारसंहिताले फजुल खर्च रोक्न धेरै सहयोग पुगेको छ।

**अन्त्यमा, आम निर्वाचन २०८२ लाई सफल बनाउन आम मतदातालाई तपाईंको सन्देश के छ?**

निर्वाचन नागरिकको स्वतन्त्रताको विवेक प्रयोग गरी जिम्मेवार सरकार गठन गर्ने अवसर हो। नागरिकले सशक्त रूपमा सहभागी हुनुपर्छ, विवेक शून्यता हुन दिनु हुँदैन। निर्वाचन प्रणालीलाई थप विश्वसनीय, समावेशी र पारदर्शी नबनाएसम्म लोकतान्त्रिक स्थायित्व सुनिश्चित गर्न कठिन हुन्छ। निर्वाचन लोकतन्त्रलाई बलियो बनाउने मात्र होइन, यसले समग्र शासन प्रणालीलाई जनउत्तरदायी, पारदर्शी र जवाफदेही बनाउने आधार तयार गर्छ। आम निर्वाचन २०८२ यस्तो समयमा हुँदैछ, जहाँ राजनीतिक अस्थिरता, सरकार परिवर्तनको दोहोरिँदो क्रम, दलभित्रको आन्तरिक लोकतन्त्रको कमजोर अभ्यास र जनतामा बढ्दो निराशाको अन्त्य गरी लोकतान्त्रिक प्रणालीलाई संस्थागत गर्न अपरिहार्य छ। विगतका निर्वाचनहरूले जनताको अपेक्षाअनुसार सुशासन, विकास र स्थायित्व दिन नसकेको अनुभूति व्यापक छ। यही कारण, यो निर्वाचनप्रति जनताको उत्साह जति छ, त्यति नै प्रश्न र आशङ्का पनि छन्। लोकतन्त्रको मूल आत्मा भनेकै जनताको सहभागिता हो। यदि आमनिर्वाचन २०८२ ले मतदाताको विश्वास पुनःस्थापित गर्न सकेन भने लोकतान्त्रिक प्रणालीप्रतिको भरोसा अझ कमजोर हुने जोखिम रहन्छ। त्यसैले अर्काको प्रभावमा नपरी हरेक मतदातालाई आफ्नो स्वतन्त्र विवेक प्रयोग गरी मतदान गर्न आग्रह गर्दछु। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# एक करोड ८२ लाख ३० हजार मतपत्र छपाई



**काठमाडौँ।**
यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६६ जिल्लाका १४२ निर्वाचन क्षेत्रको मतपत्र छपाई सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ। शनिबार सम्म एक करोड ८२ लाख ३० हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए।

शुक्रबारसम्म ६३ जिल्लाको मतपत्र छपाइ सकिएको थियो । शनिबार थप तीन जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ। अब ११ जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको छ। काठमाडौँ उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ। अब दुई दिनमा मतपत्र छपाइ सकिने अनुमान गरिएको जनाइएको छ।

छापिएका जति जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको छ । हालसम्म १६ हजार ४९४ बाकस मतपत्र प्याकिङ भइसकेको छ । हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमुना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्पmको मतपत्र छपाइ सुरु भएको हो।

कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाइयो मतपत्र छपाइ भएको मतपत्र आजैदेखि आयोगले कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाउन सुरु गरेको छ । आयोगले आज कर्णाली प्रदेशका सल्यान, रुकुम पश्चिम, डोल्पा, मुगु, हुम्ला, कालीकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेत १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी गरिएको सहायक प्रवक्ता न्यौपानेले बताए। रासस

# प्रदेश र स्थानीय तहको अनुदान कटौती



**काठमाडौँ।**
चालु आर्थिक वर्ष २०८२÷८३ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेपछि प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गरेको छ । महालेखा नियन्त्रक कार्यालयले गत माघ २७ गते सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ताबापतको रकम कटौती गर्न भनेको हो।

'पुस मसान्तसम्म लक्ष्यको तुलनामा ८१ दशमलव ७५ प्रतिशत मात्र राजस्व संकलन भएको र सोही अनुपातमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न अर्थ मन्त्रालयबाट लेखिआएको छ', महालेखा नियन्त्रक कार्यालयको परिपत्रमा भनिएको छ,' जसअनुसार तेस्रो त्रैमासिक किस्तावापत हुने २५ प्रतिशत मध्ये २० दशमलव ४३ प्रतिशत अर्थात् कुल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७० दशमलव ४३ प्रतिशतमा नबढ्ने गरी प्रदेश तथा स्थानीय तहमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नु गराउन हुन यस कार्यालयको २०८२ माघ २७ गतेको निर्णयानुसार अनुरोध छ।'

अर्थ मन्त्रालयले गत साउनमा नै चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि ९५ बुँदे मार्गदर्शन जारी गर्दै वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा पहिलो र दोस्रो किस्ता सुरु अनुमानबमोजिम र तेस्रो किस्ता पुस मसान्तको राजस्व लक्ष्य तथा संकलनको अनुपातका आधारमा भुक्तानी गरिने जनाएको थियो। त्यस्तै चौथो किस्ता चैत मसान्तसमको राजस्वको लक्ष्य तथा संकलनको अनुपातका आधारमा पुनःनिर्धारण गरी हस्तान्तरण गरिने पनि मार्गदर्शनमा उल्लेख छ।

अर्थ मन्त्रालयका अनुसार यसवर्ष सरकारले १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ कुल आम्दानी गर्ने लक्ष्य राखेकामा पुस मसान्तसम्मको प्राप्ति भने पाँच खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख अर्थात् वार्षिक लक्ष्यको ३८ दशमलव ३८ प्रतिशत मात्रै छ । यसरी लक्ष्यभन्दा कम राजस्व उठेपछि प्रदेश र स्थानीय तहमा जाने अनुदान कटौती गरिएको हो।

गत आर्थिक वर्षमा पनि सरकारले यस्तो अनुदान कटौती गरेको थियो भने प्रदेश र स्थानीय तहहरुले ठेक्का लागिसकेका र काम अघि बढिसकेका योजना तथा कार्यक्रमको बजेट कटौती भएको भन्दै असन्तुष्टि पोखेका थिए।

अघिल्लो वर्ष महालेखा नियन्त्रक कार्यालयले २०८१ माघ २९ मा सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पत्र पठाउँदै तेस्रो किस्ताबापतको वित्तीय समानीकरण अनुदानमा २५ प्रतिशतमध्ये १३ दशमलव २४ प्रतिशत अर्थात् वार्षिक बजेटको ६३ दशमलव २४ प्रतिशत नबढ्ने गरी बजेट निकासा गर्न भनेको थियो। तर प्रदेश तथा स्थानीय तहको चर्को विरोध पछि महालेखा नियन्त्रक कार्यालयले त्यसलाई संशोधन गरेर २०८१ फागुन १३ गते अर्को परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्तावापतको भुक्तानी हुने रकम केही बढाएको थियो।

जसअनुसार तेस्रो किस्ताबापतको २५ प्रतिशतमध्ये २१ दशमलव ०८ प्रतिशत अर्थात् कुल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७१ दशमलव ०८ प्रतिशत नबढ्ने गरी वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन भनेको थियो । तल्लो तहमा जाने यस्तो अनुदान तेस्रो किस्ता मात्र नभई अन्तिम किस्ता पनि कटौती भएको थियो।

अर्थ मन्त्रालयले २०८२ वैशाख १६ गते महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेख्दै चौथो किस्ताबापतको वित्तीय समानीकरण अनुदान कटौती गर्न भनेको थियो। अर्थ मन्त्रालयको सो निर्देशन पछि महालेखा नियन्त्रक कार्यालयले वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताबापतको २० दशमलव ६८ प्रतिशत हिस्सा मात्रै पठाउने निर्णय गरेको थियो । गत आवमा वर्ष प्रदेश तथा स्थानीय तहहरुले कुल स्वीकृत वार्षिक बजेटमध्ये चौथो किस्तासम्मको ९१ दशमलव ७६ प्रतिशत बराबर मात्रै बजेट पाएका थिए।

# देशको भविष्य कांग्रेससँग जोडिएको छः चालिसे



**ललितपुर।**
नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले देशको भविष्य कांग्रेससँग जोडिएको बताएको छ छ । उनले नेपाली कांग्रेस जिम्मेवार लोकतान्त्रिक राजनीतिक पार्टी भएकाले जनताको आदेशलाई शिरोधार्य गर्ने बताएको छ।

प्रतिनिधिसभा निर्वाचन २०८२ को सन्दर्भमा जानकारी दिन नेपाली कांग्रेसले शनिबार पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजना गरेको पत्रकार सम्मेलनमा सञ्चारकर्मीलाई जानकारी दिदै प्रवक्ता चालिसेले पार्टीले वर्तमानको समीक्षा गर्दै भरपर्दो भविष्य लिएर जनतामा जाने बताएको छ। सुधारिएको देश र जनमैत्री प्रशासनका विषयवस्तु नै प्रचारप्रसारका विषय हुनेछन्, सामाजिक सञ्जालमा पोखिने आक्रोश र मतपत्रमा लगाइने छापमा फरक हुन्छ उनले भनेका छन।

प्रवक्ता चालिसेले सुधारिएको कांग्रेसबाट जनताले गरेको अपेक्षालाई कसरी सम्बोधन गर्दै सच्चिनु र सुध्रिनु पर्छ भनेर पार्टीले धारणा बुझ्ने प्रयास गरिरहेको
बताए । प्रचारप्रसारका गतिविधिबारे नियमित रुपमा जानकारी गराइने उल्लेख गर्दै उहाँले पार्टीको विषयमा विचार–विमर्श गर्दै जाने बताए। यही फागुन ६ गते जनकपुरमा पार्टीले जनसभा आयोजना गर्ने प्रवक्ता चालिसेले जानकारी दिए। कांग्रेससँगका अपेक्षा बुझ्न डबली कार्यक्रममार्फत कार्यक्रम सञ्चालन गरिरहेको उनको भनाइ थियो । प्रवक्ता चालिसेले निर्वाचन आयोगले जारी गरेको आचारसंहिताप्रति नेपाली कांग्रेसको उच्च सम्मान रहेको उल्लेख गर्दै प्रचारप्रसारका गतिविधि विवेकपूर्ण हुने र जनताको घरदैलोमा सम्मानजनक तरिकाले उपस्थित हुने बताए। कांग्रेसका उम्मेदवार घरदैलोमा पुग्दा आम कार्यकर्ता र जनतामा आएको उत्साहले हौसला र प्रेरणा मिलिरहेको भन्दै उनले देशभर ठूलो संख्यामा कांग्रेस प्रवेश गर्ने लहर बढ्दै गएको बताए। प्रवक्ता चालिसेले लोकतन्त्रको संरक्षण र व्यवस्थाको रक्षाका लागि पार्टीका सबै तहका नेता तथा कार्यकर्ताका साथै आम नागरिकको संलग्नता जरुरी भएको बताए।

देशको अर्थतन्त्र र नागरिकसँग भएका क्षमता तथा सम्भावनालाई कसरी देशको अर्थतन्त्रमा पुँजीकृत गर्ने भनेर कांग्रेसले ध्यान दिन्छ, देशभित्र लगानीको वातावरण तयार गर्न, देशभित्रको पुँजीको संरक्षण गर्न र अन्तरराष्ट्रिय लगानी भित्र्याउन कांग्रेसले जिम्मेवार भएर काम गर्छ,' प्रवक्ता चालिसेले भनेका छन । कांग्रेसले प्रतिनिधिसभा निर्वाचन २०८२ को सन्दर्भमा तयार पारेको प्रतिज्ञापत्र आइतबार दिउँसो २ बजे पार्टीको केन्द्रीय कार्यालय सानेपामा सार्वजनिक गर्ने उनले जानकारी दिए। रासस

# गरगहना लगाएर मन्दिर नजान प्रहरीको अनुरोध



**काठमाडौँ।**
काठमाडौँ प्रहरीले महाशिवरात्रि पर्वका अवसरमा पशुपतिनाथको दर्शनार्थ सहभागी हुने भक्तजन तथा सामानको सुरक्षाका लागि शनिबार १३ बुँदे अनुरोध जारी गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले गरगहना लगाएर नआउनेसहित विभिन्न १३ बुँदे अनुरोध जारी गरिएको जानकारी दिए । उनका अनुसार चोरी तथा लुटपाटका घटना हुनसक्ने भएकाले बहुमूल्य गरगहना नलगाउन, महत्वपूर्ण र महँगो सरसामान लिएर नआउन अनुरोध गरिएको हो।

मन्दिरमा झोला नल्याउन, पशुपति क्षेत्रको मापदण्ड बमोजिम प्लास्टिकका झोला, कप, प्लेटलगायत सामग्रीको प्रयोग निषेध गरिएकाले निषेधित सामानको प्रयोग नगर्न, दूध, गङ्गाजललगायत सामाग्रीका लागि फुट्ने कांच (सिसा)का भाँडा प्रयोग नगर्न पनि अनुराधे गरिएको प्रहरी उपरीक्षक भट्टराईले बताए।

प्रहरीले भक्तजनको सुविधाका लागि तोकिएको कक्षमा जुत्ताचप्पल (दर्शन मार्ग अनुसार छुट्टाछुट्टै स्थानमा जुत्ताचप्पल कक्षको व्यवस्था) राखेर मात्र मन्दिर प्रवेश गर्न, पशुपतिनाथको दर्शन गरिसकेपछि छिटोभन्दा छिटो मन्दिर परिसर बाहिर निस्किनु भई घुइँचो हुन नदिनका लागि आवश्यक सहयोग र समन्वय गर्न पनि अनुरोध गरेको छ।

त्यस्तै पशुपतिनाथ मन्दिर प्राङ्गणमा सबै प्रकारका मोबाइल फोन, क्यामरालगायत सामग्रीको प्रयोग निषेध गरिएको तथा छालाका सामान, जुत्ताचप्पल, ज्याकेट, कम्मरपेटी लगाएर मन्दिरमा प्रवेश निषेध भएकाले त्यस्ता सामान तोकिएको सुरक्षित स्थानमा राखेर मात्र दर्शन गर्न पनि भनिएको छ।

प्रहरीले पाकेटमारादेखि सावधान रहन र आफ्नो सामानको सुरक्षा आफैँ गर्न, कुनै पनि तीर्थयात्री अस्वस्थ भएमा स्वास्थ्य शिविरमा सम्पर्क राख्न, कुनै सामान वा व्यक्ति हराएमा वा कुनै समस्या आइपरेमा तुरुन्त प्रहरी शिविर वा खोजखबर कक्षमा सम्पर्क राख्न पनि अनुरोध गरेको छ।

मन्दिर र मेला क्षेत्रलाई स्वच्छ र सफा राख्न जथाभावी फोहोर नगर्न, निर्दिष्ट स्थानमा रहेका शौचालयको प्रयोग गर्न, शारीरिक रूपमा अशक्त, जेष्ठ नागरिकलाई सहज दर्शनका लागि सहयोग गर्न, मन्दिर दर्शनका लागि कुनै प्रकारको विशेष टिकट वा पासको व्यवस्था नगरिएकाले पङ्क्तिबद्ध भएर दर्शन गर्न तथा पङ्क्तिबाट दर्शन गर्दासमेत अरूको अधिकारको हनन हुने व्यवहार नगर्न अनुरोध गरिएको प्रहरी उपरीक्षक भट्टराईले जानकारी दिएका छन्। रासस

# अबको गन्तव्यः सबल, समृद्ध र समुन्नत नेपाल



**काठमाडौँ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि सङ्कल्प पत्र सार्वजनिक गरेको छ। धुम्रबाराहीस्थित केन्द्रीय कार्यालयमा आज आयोजित कार्यक्रममा पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले सङ्कल्प पत्र सार्वजनिक गरेको हो।

'अबको गन्तव्यः सबल, समृद्ध र समुन्नत नेपाल' भन्ने दीर्घकालीन सोचसहित राजनीतिक स्थिरता, सुशासन, नयाँ चरणको आर्थिक सुधार र सामाजिक न्यायसहितको समृद्धिका विषय सङ्कल्प गरिएको छ । सङ्कल्प पत्रमा पार्टीको दृष्टिकोण, राजनीतिक स्थायित्व, सुशासन र पारदर्शी प्रशासनबारे प्रस्ट पार्दै पुँजी निर्माण, दिगो विकास, शिक्षा, स्वास्थ्यमा निःशुल्क पहुँच, सामाजिक सुरक्षा, युवा केन्द्रित उत्पादनमुखी र रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ । पार्टीका नेता राजाराम श्रेष्ठका अनुसार देशलाई विसं २०८७ सम्म मध्यम आयस्तर भएको राष्ट्रका रूपमा विकास गर्ने मार्गचित्र समावेश गरिएको छ।

पार्टीले पृथ्वीपथलाई अवलम्बन गर्ने सङ्कल्प गर्दै शिक्षा, स्वास्थ्य र गरिबी न्यूनीकरण, प्रविधिको विकास र विस्तार रणनीतिक दिगो पूर्वाधार, दिगो सहर तथा बस्ती विकास, रोजगारमूलक उत्पादन र उत्पादकत्व अभिवृद्धि, प्रभावकारी सेवा प्रवाहका योजना अगाडि सारेको छ।

राष्ट्रिय स्वतन्त्रता, अखण्डता, एकता, सार्वभौमिकता, प्राकृतिक धार्मिक सांस्कृतिक सम्पदाको संरक्षण, राष्ट्रिय सुरक्षाको मूल नीति बनाइने उल्लेख गरिएको पत्रमा जलस्रोत, पर्यटन, कृषि, सूचना प्रविधि, विदेशमा बस्ने नेपालीको सीप तथा पुँजी, निजी क्षेत्रको सहभागितामा देशको समग्र अर्थतन्त्रको जिडिपीमा ८२ प्रतिशत, पुँजी निर्माणमा ७७ प्रतिशत योगदान पु¥याउने लक्ष्य राखिएको छ।

स्थानीय र केन्द्रीय दुई तहको शासकीय संरचना, सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्मसापेक्ष हिन्दू राष्ट्र कायम गर्ने प्रतिबद्धता जनाइएको छ। रासस

# लोकप्रियतावाद प्रायः भ्रमपूर्ण हुन्छः एमाले

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षालाई सार्थक तुल्याउँदै स्वाधीन, समुन्नत र समाजवाद उन्मुख अर्थतन्त्रका आधारमा समान अवसरसहित न्यायपूर्ण समाज निर्माणलाई केन्द्रमा राखेको बताएको छ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा शुक्रबार पार्टी केन्द्रीय कार्यालयमा पत्रकारसँग आयोजित छलफलमा पार्टीका निर्वाचन संयोजक मीनबहादुर शाहीले राजनीतिमा देखा पर्ने लोकप्रियतावाद प्रायः भ्रमपूर्ण हुने र यसले यसले स्थायित्व र सुशासनमा नकारात्मक असर पार्ने बताए।

संयोजक शाहीले प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, मर्यादित रोजगारीका पर्याप्त सुनिश्चित गर्न पार्टी प्रतिबद्ध रहेको बताउँदै सबै पेसाकर्मी, विदेशमा रहेका नेपाली तथा युवा शक्तिलाई एमालेसँग सहकार्य गर्न अनुरोध पनि गरे। रासस

# निर्वाचन शान्तिपूर्ण सम्पन्न गराउन निर्देशन

**काठमाडौँ।**
प्रधानसेनापति अशोकराज सिग्देलले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन निर्देशन दिएका छन्।



शुभकामनासहित सम्बोधन गर्दै

महाशिवरात्रि तथा २६२औँ सेना दिवसका अवसरमा आज सैनिक मुख्यालयमा आयोजित विशेष कार्यक्रममा नेपाली सेनाका सकल दर्तालाई उनले नेपाली सेनाले विभिन्न क्षेत्रहरूमा निर्वाह गर्दै आइरहेको जिम्मेवारीलाई उत्कृष्ट ढंगले पूरा गर्ने क्रममा निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन समेत निर्देशन दिएका छन्।

उनले नेपालको गौरवमय गाथा, परम्परा, सस्कृति, चिन्न, गौरव गर्न तथा इतिहासका पाठहरूबाट सिक्न सबै सैनिक तालिममा नेपाल र नेपालीको इतिहास अध्ययन र अध्यापन गराउन समेत निर्देशन दिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । रासस

# ‘स्ट्रबेरी’ खेतीबाट वार्षिक तीस लाख आम्दानी



**काभ्रेपलाञ्चोक ।**
तीन वर्षदेखि निरन्तर स्ट्रबेरी (भुइँऐसेलु)खेतीमा रमाएका बनेपा नगरपालिका–१० जनागालका मुक्ति विष्टलाई हिजोआज भुइँऐसेलुटिप्न र बजार पठाउन भ्याइनभ्याइ छ । यसबाट उनले वार्षिक रु ३० लाखको आम्दानी पनि गरिरहेका छन् ।
कोरोना महामारीका बेला खेती थालेका उनी भुइँऐसेलुका निम्ति यहाँ परिचित व्यवसायी भएका छन् । ‘बजारीकरणको समस्या छैन, बर्सेनि बजार बढ्दैछ’ व्यवसायी विष्टले भने, ‘स्थानीय बजारमा प्रतिकिलो रु चार सयदेखि आठ सयसम्ममा भुइँऐसेलु बिक्री भइरहेको छ ।’
जनागालस्थित आफ्नै दश रोपनी जग्गामा भुइँऐसेलु रोपेर जिल्लामा मात्र नभएर देशको नमूना किसानको पहिचान बनाएका ४६ वर्षीय विष्टले भुइँऐसेलु रोप्ने सीप सिकेर व्यवसाय थालेको भने होइन, अरुले रोपेको देखेर र भनेका आधारमा खेती थालेको बताए ।
हाल उनको फार्ममा पाँच जनाले रोजगारी पाएका छन् । व्यवसाय विस्तारको सोचमा रहेका नले भुइँऐसेलुबाट ‘वाइन’ र ‘जुस’ उत्पादन उद्योग स्थापना गर्न विज्ञहरुसँग परामर्श गरिरहेका छन् । रासस

# गँड्यौला मल उत्पादनबाट मनग्य आम्दानी

**बाँके ।**
थोरै लगानी, स्थानीय स्रोत–साधनको अधिकतम उपयोग र निरन्तर मेहनतबाट पनि उल्लेखनीय आर्थिक सफलता हासिल गर्न सकिन्छ भन्ने उदाहरणका रूपमा नेपालगञ्ज उपमहानगरपालिका–१८, तेजनगरका वीरबहादुर हमाल रहेका छन् । विगत १२ वर्षदेखि उनी ‘एभरेष्ट अर्गानिक एग्रोफार्म’ सञ्चालन गर्दै गँड्यौला मल अर्थात् भर्मिक कम्पोष्ट मल उत्पादनमा सक्रिय छन् ।
गँड्यौला मल उत्पादन गर्न थोरै लगानीमै धेरै मुनाफा गर्न सकेको छु, हमालले आत्मविश्वासका साथ भने, यदि लगनशीलता र धैर्य छ भने कृषिमा सम्भावनाको कमी छैन । उनका अनुसार गँड्यौला मल माटोको उर्वराशक्ति वृद्धि गर्न, बालीबिरुवाको वृद्धि सन्तुलित बनाउन र वातावरण संरक्षणमा योगदान पु¥याउन अत्यन्त प्रभावकारी छ । रासायनिक मलको विकल्पका रूपमा जैविक मलको प्रयोग बढ्दै गएको सन्दर्भमा यसको माग क्रमशः विस्तार हुँदै गएको उनले बताए ।
हमालका अनुसार वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदै गएका युवालाई स्वदेशमै कृषि क्षेत्रमार्फत आत्मनिर्भर बनाउन सकिने सम्भावना प्रशस्त छ । ‘स्थानीय स्रोत–साधनको प्रयोग गरेर अर्गानिक मल उत्पादनमा जोड दिए युवालाई विदेशिनु पर्दैन उनले भने कृषि क्षेत्रलाई आधुनिक र व्यावसायिक बनाउने हो भने यहीँ राम्रो आम्दानी गर्न सकिन्छ ।
गँड्यौला मल उत्पादनका लागि गाईको गोबर, पराल, झारपात तथा घरआँगनमा उपलब्ध जैविक पदार्थ प्रयोग गरिन्छ । विशेष जातको गँड्यौला ‘आइनिया फेटेटरी’ प्रयोग गरी जैविक मल तयार पारिँदै आएको उनले जानकारी दिए । हामीले प्रयोग गर्ने गँड्यौला विशेष प्रजातिको हो, जसले छिटो मल तयार गर्छ,‘ उनले भने, ‘एक पटक गँड्यौला खरिद गरेपछि पटक–पटक लगानी गर्नुपर्दैन ।
उद्योगको प्रारम्भिक चरण भने चुनौतीपूर्ण थियो । बजारको अभाव, आर्थिक कठिनाइ तथा प्राविधिक ज्ञानको कमीबीच हमालले कामको थालनी गरेका थिए । सुरुमा कृषक र स्थानीयबासीलाई गँड्यौला मलका बारेमा खासै जानकारी थिएन,उनले स्मरण गरे धेरैले पत्याउँदैनथे, तर मलाई आफ्नै मेहनतमा विश्वास थियो ।’ कठिन परिस्थितिका बाबजुद निरन्तर प्रयास र धैर्यका कारण आजको अवस्था सम्भव भएको हमालको भनाइ छ ।
सुरुआती समयमा उत्पादन गरिएका मल बजारसम्म पु¥याउन र उपभोक्ताको विश्वास जित्न समय लागेको उनी बताउँछन् । ‘टनका टन उत्पादन गरे पनि मागअनुसार बिक्री गर्न गाह्रो हुन्थ्यो,’ हमालले भने, ‘तर अहिले प्रत्येक स्थानीय तहमा, विशेष गरी युवाहरूमा यसप्रति चासो बढेको छ ।’ उनका अनुसार अहिले करिब २५ प्रतिशत कृषकमा जैविक मल प्रयोग गर्नुपर्छ भन्ने चेतनाको विकास भएको छ ।
हाल हमालले चार कठ्ठा जग्गा भाडामा लिएर ६० वटा वेडमार्फत मल उत्पादन गर्दै आएका छन् । एक पटकमा १८ देखि २० ट्राली गाईको गोबर खरिद गरिन्छ, जसबाट प्रति ट्राली करिब १२ क्वीन्टलसम्म गँड्यौला मल उत्पादन हुने उनले



जानकारी दिए । ‘एक पटक किनेको गोबरबाट चार पटकसम्म मल उत्पादन गर्न सकिन्छ, उनले भने, यसले लागत घटाएर आम्दानी बढाउन सहयोग गर्छ ।’
उत्पादित मल विशेष गरी हिमाली जिल्लामा ढुवानी हुने गरेको छ । उच्च मूल्यका स्याउका बोट तथा तरकारी बालीमा यसको प्रयोग व्यापक रहेको हमालले बताउनुभयो । ‘हिमाली क्षेत्रमा जैविक उत्पादनको माग धेरै छ, उनले भने त्यहाँका कृषकले गुणस्तरीय मल खोज्ने भएकाले हाम्रो उत्पादनको बजार राम्रो बनेको छ ।’
आर्थिक पक्षसमेतमा हमालको यात्रा उल्लेखनीय देखिन्छ । उनका अनुसार तीन महिनामा करिब १६० क्विन्टल मल उत्पादन हुन्छ भने चार महिनामा ६४० क्विन्टलसम्म उत्पादन सम्भव हुन्छ । हाल बजार मूल्यप्रति क्विन्टल करिब रु दुई हजार ५०० रहेको छ । ‘वार्षिक रूपमा रु १५ लाखदेखि रु १६ लाख बराबरको मल बिक्री हुन्छ, समग्र कारोबार भने रु २० लाखदेखि रु २५ लाखसम्म हुन्छ, हमालले भने मल उत्पादनमा लागेका युवाहरूले सामान्यतया मासिक रु ४० हजारदेखि रु ५० हजारसम्म आम्दानी गर्न सक्छन् ।’
यसले युवालाई विदेशिनबाट रोक्न सहयोग पुग्ने उनको विश्वास छ ।
कृषि क्षेत्रमा सम्भावना भएपनि जानकारी र प्रेरणाको अभावका कारण धेरै युवा विदेशिने गरेका हमालको धारणा छ । विसं २०७१ मा केवल एक किलो गँड्यौला खरिद गरेर सुरुवात गर्नुभएका हमालले हालसम्म झन्डै ५० क्विन्टल गँड्यौला मल बिक्री गरिसक्नुभएको छ । सानो सुरुवातलाई निरन्तरता दिन सके ठूलो उपलब्धि हासिल गर्न सकिने उनको भनाइ छ । ‘मैले कहिल्यै पनि नाफालाई मात्र केन्द्रमा राखिनँ, सधैँ गुणस्तर र ग्राहक सन्तुष्टिलाई प्राथमिकता दिए, हमालले भने ।’
हमालका अनुसार सफलता हासिल गर्न इमानदारी, निष्ठा र दीर्घकालीन सोच आवश्यक हुन्छ । ‘काम सानो वा ठूलो हुँदैन,’ उनले स्पष्ट पारे, ‘त्यसमा देखाइने प्रतिबद्धताले नै परिणाम निर्धारण गर्छ ।’ गँड्यौला मल उत्पादनबाट मनग्य आम्दानी गर्दै आएका हमालको अनुभवले देखाएको छ–स्थानीय स्रोत–साधनको सदुपयोग, वैज्ञानिक विधिको प्रयोग र निरन्तर परिश्रमका माध्यमबाट कृषिलाई व्यावसायिक र सम्मानित पेशाका रूपमा स्थापित गर्न सकिन्छ । उनको सफलताले सङ्घर्षरत कृषक तथा युवालाई स्वदेशमै अवसर खोज्न प्रेरणा दिएको छ । उनले विदेशिने युवालाई धैर्य राखेर आफ्नै देशमा गर्न सके सबै कुराको सम्भावना रहेको बताए ।
‘कृषि क्षेत्रमा सम्भावना धेरै छ, आवश्यकता छ त केवल विश्वास र निरन्तरताको हो’, हमालले भने, दृढ इच्छाशक्ति र सकारात्मक सोच भए सामान्य अवस्थाबाट पनि उल्लेखनीय उपलब्धि हासिल गर्न सकिन्छ । रासस

# एक फर्मलाई जरिवाना

**काठमाडौँ ।**
नियमित रूपमा बजार अनुमगन गर्दै आएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले एक फर्मलाई २० हजार जरिवाना गरेको छ । स्थलगत अनुमगनको क्रममा कैफियत देखिएपछि विभागले गुन्जेश्वरी ट्रेड लिङ्क प्रालि कसलेश्वरलाई जरिवाना गरेको हो । विभागले नियमित रूपमा पछिल्ला दिनमा खानका पकाउने ग्यास तथा खाद्य पदार्थसँग सम्बन्धित व्यवसाय तथा पसलको अनुमगन गरिरहेको छ । यसैक्रममा विभागले अन्य पाँच फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ ।
स्थानय प्रशासन तथा उपभोक्ता अधिकारकर्मीको सहभागितामा नियमित रूपमा बजार अनुमगन गर्दै आएको छ । रासस

## बङ्गलादेशः
# जमातद्वारा चुनावी हार स्वीकार



**ढाका ।**
बङ्गलादेशको राजनीतिक सङ्क्रमणपछि सम्पन्न पहिलो संसदीय निर्वाचनमा पराजित भएको बङ्गलादेश जमात–ए–इस्लामीले अन्ततः नतिजा स्वीकार गरेको घोषणा गरेको छ । विपक्षी बङ्गलादेश नसनालिस्ट पार्टी ९बिएनपी० ले स्पष्ट बहुमतसहित विजय हासिल गरेपछि जमातले ‘समग्र परिणाम’ लाई मान्यता दिने जनाएको हो ।
सन् २०२४ को घातक विद्रोहपछिको पहिलो आमनिर्वाचन बिहीबार सम्पन्न भएको थियो । निर्वाचन आयोगद्वारा सार्वजनिक तथ्याङ्कअनुसार बिएनपी नेतृत्वको गठबन्धनले २१२ सिट जितेको छ भने जमात नेतृत्वको गठबन्धनले ७७ सिटमा विजय हासिल गरेको छ । प्रारम्भिक चरणमा केही ‘विसङ्गति र मनगढन्त’ आरोप लगाउँदै आयोगसँग समाधान खोज्ने बताएका ६७ वर्षीय जमात प्रमुख शफिकुर रहमानले शनिबार भने औपचारिक रूपमा हार स्वीकार गरेका हुन् ।
कुनै पनि वास्तविक लोकतान्त्रिक यात्रामा नेतृत्वको साँचो परीक्षा हामीले अभियान कसरी सञ्चालन गर्छौं भन्ने मात्र होइन, जनताको निर्णयप्रति हामीले कसरी प्रतिक्रिया जनाउँछौँ भन्ने पनि हो विज्ञप्तिमार्फत उनले भने, हामी समग्र परिणामलाई मान्यता दिन्छौँ र विधिको शासनलाई सम्मान गर्दछौँ ।
विद्रोहपछिको अन्तरिम व्यवस्थामा ‘प्रमुख सल्लाहकार’ का रूपमा नेतृत्व गरेका ८५ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले बिएनपी नेता तारिक रहमानलाई ‘उहाँको पार्टीको शानदार विजय’ का लागि बधाई दिएका छन् । सत्ता हस्तान्तरणको तयारी भइरहेको सन्दर्भमा उनले तारिक रहमानबाट देशलाई स्थिरता, समावेशीकरण र विकासतर्फ मार्गदर्शन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।
जमात प्रमुख रहमानले आफ्नो पार्टी संसद्मा सक्रिय रूपमा सहभागी हुने बताउँदै सशक्त तर शान्तिपूर्ण विपक्षको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन् ।
हामी सरकारलाई जवाफदेही बनाउँदै सतर्क, सैद्धान्तिक र शान्तिपूर्ण विपक्षका रूपमा काम गर्नेछौँ उनले उल्लेख गरे, सैद्धान्तिक र शान्तिपूर्ण राजनीतिप्रतिको हाम्रो प्रतिबद्धता अडिग छ ।
उनले विगतका निर्वाचनको तुलनामा यसपटक इस्लामवादी दलहरूले जितेका सिटमा उल्लेखनीय वृद्धि भएको पनि औँल्याएका छन् । अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाको शासनकालमा दमन झेलेको उल्लेख गर्दै उनले आफ्नो आन्दोलन एकल चुनावमा सीमित नभएको बताए । ‘हाम्रो आन्दोलन लोकतान्त्रिक संस्कृतिलाई सुदृढ पार्ने, नागरिक अधिकारको रक्षा गर्ने र न्यायपूर्ण तथा जवाफदेही राज्य निर्माण गर्ने उद्देश्यमा केन्द्रित छ‘, उनले भने ।
सतहत्तर सिटसहित संसदीय उपस्थिति करिब चार गुणा बढेको दाबी गर्दै रहमानले जमात आधुनिक बङ्गलादेशी राजनीतिमा बलियो विपक्षी शक्तिका रूपमा स्थापित भएको बताएका छन् । यो अवरोध होइन, यो नयाँ आधार हो, उनले निष्कर्ष दिएका छन् । रासस

# आर्टेमिस द्वितीयको प्रक्षेपणतर्फ अर्को परीक्षण

**वासिङ्टन ।**
चन्द्रमामा मानव फर्काउने महत्त्वाकांक्षी योजनाअन्तर्गत नासाले आर्टेमिस द्वितीय मिसनका लागि तयारी तीव्र बनाएको छ । अन्तरिक्ष उडानअघि यानको विश्वसनीयता सुनिश्चित गर्न गरिएको ‘भेहिकल कन्फिडेन्स टेस्ट’ अर्थात् यान विश्वास परीक्षण सम्पन्न भएसँगै प्रक्षेपणको सम्भावित समयरेखा थप स्पष्ट भएको छ ।
नासाले सामाजिक सञ्जाल एक्समार्फत अद्यावधिक सार्वजनिक गर्दै फेब्रुअरी १२ मा सम्पन्न विश्वास परीक्षणपछिको डाटाको समीक्षा भइरहेको जनाएको छ । निकट भविष्यमा अर्को परीक्षणको समय निर्धारण गर्नुअघि प्राप्त निष्कर्षहरूको सूक्ष्म अध्ययन गरिने नासाले उल्लेख गरेको छ । यसै महिनाभित्र दोस्रो ‘वेट ड्रेस रिहर्सल’ अर्थात् इन्धनसहितको पूर्ण पूर्वाभ्यास सञ्चालन गर्ने तयारी रहेको र मार्च महिनालाई सबैभन्दा प्रारम्भिक सम्भावित प्रक्षेपण विन्डोका रूपमा हेरिएको बताइएको छ ।
अमेरिकी अन्तरिक्ष एजेन्सीले जारी गरेको विस्तृत विज्ञप्तिअनुसार उडानपूर्वको बलियो प्राविधिक परीक्षणअन्तर्गत इन्जिनियरहरूले स्पेस लन्च सिस्टम (एसएलएस) कोर स्टेजको तरल हाइड्रोजन ट्याङ्की आंशिक रूपमा भरेर मूल्याङ्कन गरेका थिए । रकेटमा इन्धन भर्ने क्रममा प्रयोग हुने क्षेत्रमा हालै प्रतिस्थापन




गरिएका सिलहरूको प्रभावकारिता जाँच्नु परीक्षणको प्रमुख उद्देश्य थियो ।
परीक्षणका क्रममा रकेटतर्फ तरल हाइड्रोजनको प्रवाह कम गराउने ‘ग्राउन्ड सपोर्ट इक्विपमेन्ट’ अर्थात् भूमिगत सहयोगी उपकरणसँग सम्बन्धित समस्या देखिएको नासाले जनाएको छ । यद्यपि टोलीले धेरै मुख्य उद्देश्यहरूमा अपेक्षित विश्वास प्राप्त गरेको र कोर स्टेज इन्टरफेसहरूबाट महत्त्वपूर्ण डाटा सङ्कलन गर्न सफल भएको उल्लेख गरिएको छ । यिनै इन्टरफेसहरू अघिल्लो वेट ड्रेस रिहर्सलका क्रममा चुहावट देखिएको स्थान थिए ।
इन्जिनियरहरूले उपयुक्त वातावरणीय अवस्था कायम राख्न सप्ताहन्तमा लाइन सफा गर्ने र कम प्रवाहको कारण ठानिएको फिल्टर प्रतिस्थापन गर्नुअघि भूमिगत सहयोगी उपकरणहरूको निरीक्षण गर्ने योजना बनाएको जनाइएको छ । अर्को परीक्षणअघि सबै निष्कर्षहरूको पुनरावलोकन गरिने नासाले स्पष्ट पारेको छ । आर्टेमिस द्वितीय, आर्टेमिस कार्यक्रमअन्तर्गत पहिलो चालकदलयुक्त मिसन हो । शक्तिशाली अन्तरिक्ष प्रक्षेपण प्रणाली र ओरियन अन्तरिक्षयान प्रयोग गरी चार अन्तरिक्ष यात्री चन्द्रमाको वरिपरि परिक्रमा गरेर पृथ्वीमा फर्किनेछन् । चालकविहीन आर्टेमिस प्रथमभन्दा भिन्न, यस मिसनमा जीवन–समर्थन प्रणालीसहित गहिरो अन्तरिक्ष सञ्चालनको प्रत्यक्ष परीक्षण गरिनेछ ।
यो अभियानले आगामी आर्टेमिस तृतीयका लागि आधार तयार पार्ने अपेक्षा गरिएको छ, जसको लक्ष्य चन्द्रमाको सतहमा पुनः अन्तरिक्ष यात्री अवतरण गराउने र भविष्यको दीर्घकालीन चन्द्र अन्वेषण योजनालाई मजबुत बनाउने रहेको छ । रासस

# टी–२० विश्वकपः आयरल्यान्डको फराकिलो जित

**मुम्बई ।**
आयरल्यान्डले आईसीसी टी–२० विश्वकप २०२६ मा ओमानविरुद्ध फराकिलो जित हासिल गरेको छ । समूह ‘बी’ अन्तर्गत श्रीलंकाको कोलोम्बोमा भएको खेलमा आयरल्यान्डले ओमानलाई ९६ रनले पराजित गरेको हो । २३६ रनको विशाल लक्ष्य पछ्याएको ओमान १८ ओभरमा १३९ रनमा अलआउट भयो । ओमानका लागि आमिर कलीमले ५० तथा हम्माद मिर्जाले ४६ रन बनाए । यी दुईबाहेक अन्यको प्रदर्शन बिर्सनालायक रह्यो । आयरल्यान्डका लागि जोसुआ लिटिलले ३ विकेट लिए । म्याथ्यु हमफ्रिज र बेरी मेकार्थीले २–२ विकेट लिए भने जर्ज डकरेलले १ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको आयरल्यान्डले २० ओभरमा ५ विकेट गुमाएर २३५ रन बनाएको थियो । प्रतियोगिताकै उच्च योगफल बनाउने क्रममा आयरल्यान्डका लागि लोरकान टकर ५१ बलमा ९४ रनमा अविजित रहे भने गारेथ डेलानीले ५६ रन बनाउँदा जर्ज डकरेलले ९ बलमा ३५ रनको आक्रामक इनिङ खेले । यसअघि श्रीलंकाले ओमानविरुद्ध नै २२५ रनको




योगफल बनाएको थियो जुन् सबैभन्दा उच्च थियो ।
टी–२० विश्वकपकै पहिलो शतक बनाउने संघारमा रहेका टकरले शतक भने पूरा गर्न पाएनन् । अन्तिम ओभरमा स्ट्राइकमा रहेका उनले पहिलो बलमा २ रन लिएपछि दोस्रो बलमा १ रन मात्र जोड्न सके। त्यसपछि डकरेलले एक डट खेलेर बाँकी ३ बलमै छक्का प्रहार गर्दै इनिङ सकाए ।
ओमानका लागि शकील अहमदले ४ ओभरमा ३३ रन दिएर ३ विकेट लिए । शाह फेसल र आमिर कलीमले १–१ विकेट लिए । आयरल्यान्डले प्रतियोगितामा पहिलो जित हासिल गरेको हो । ओमान भने यस हारसँगै एक खेल अगावै प्रतियोगिताबाट बाहिरिएको छ । ओमान यसअघि आयरल्यान्ड र श्रीलंकासँग पराजित भएको थियो । ओमानले अब अस्ट्रेलियासँग खेल्न बाँकी छ । रासस

# अख्तियारमा स्थानीय तहका उजुरी अत्यधिक




**बाँके ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जमा स्थानीय तहका भ्रष्टाचार सम्बन्धि उजुरी अत्यधिक परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय नेपालगञ्जका प्रमुख झरेन्द्रप्रसाद चापागाईंले अख्तियारमा प्राप्त विभिन्न क्षेत्रका उजुरीमध्ये सबैभन्दा बढी स्थानीय तहसँग सम्बन्धित रहेका जानकारी दिए ।

उनका अनुसार, सबैभन्दा बढी बर्दियाको बढैयाताल गाउँपालिकाको २५, दाङको तुलसीपुर उपमहानगरपालिकाको १८, दाङको घोराही उपमहानगरपालिकाको १७, बाँके कोहलपुर नगरपालिकाको १६, बाँकेको नेपालगञ्ज उपमहानगरपालिकाको १५, नरैनापुर गाउँपालिकाको १५, बारबर्दिया नगरपालिकाको १३, दाङ लमही नगरपालिकाको १२, बाँकेको डुडुवा गाउँपालिकाको १० र अन्य ७६ उजुरी दर्ता भएका हुन् ।

नेपालगञ्ज कार्यालयमा चालू आथिक वर्षको साउनदेखि माघ २५ गतेसम्म करिब सात महिनाको अवधिमा ४७१ उजुरी प्राप्त भएका छन् । यसमा १८५ उजुरीको छानबिन सम्पन्न भएको छ भने २८६ उजुरी छानविनको प्रक्रियामा रहेका छन् । अख्तियार नेपालगञ्ज कार्यालयको बाँके, बर्दिया, दाङ र रोल्पा जिल्ला कार्यक्षेत्र रहेको छ ।

नेपालगञ्ज कार्यालयमा चालू आवमा स्थानीय तह (सङ्घीय मामिला)तर्फ ११७, स्थानीय तहतर्फ (शिक्षा)तर्फ १००, प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयतर्फ (वन वातावरण मात्र) ६२, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयतर्फ ३७, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयतर्फ २६, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ १८, गृह मन्त्रालयतर्फ १५, ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयतर्फ १४, प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयतर्फ (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मात्र) १० र अन्य ७२ गरी जम्मा ४७१ उजुरी दर्ता भएका हुन् ।

यसमध्ये स्थानीय तह (सङ्घीय मामिला)तर्फ ४३, स्थानीय तह (शिक्षा)तर्फ ४५, प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (वन वातावरण मात्र)तर्फ २८, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयतर्फ १२, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयतर्फ १४, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ पाँच, गृह मन्त्रालयतर्फ ११, ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयतर्फ ६, प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मात्र)तर्फ चार र अन्य १७ गरी जम्मा १८५ उजुरी फछ्र्यौट भएका छन् भने २८६ उजुरी बाँकी रहेका छन् ।

नेपालगञ्ज कार्यालयमा गत आवमा ९०२ उजुरी दर्ता भएकामा ७८८ उजुरी फछ्र्यौट भएका थिए ।

त्यसैगरी आव २०८०/.८१ मा एक हजार ४४ उजुरी दर्ता भएकामा ८७५ उजुरी फछ्र्यौट भएका र आव २०७९/८० मा ८१२ उजुरी दर्ता भएकामध्ये ४९९ उजुरी फछ्र्यौट भएका अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय नेपालगञ्जका प्रमुख चापागाईंले जानकारी दिए । रासस

# पशुपति क्षेत्रमा साधुसन्त र भक्तजनको चहलपहल बढ्यो



**काठमाडौँ ।**
महाशिवरात्रि पर्वका अवसरमा पशुपति क्षेत्रमा साधुसन्त एवं टाढाबाट आउने भक्तजनको चहलपहल बढेको छ । देश, विदेशबाट आएका साधुसन्त एवं भक्तजनका कारण पशुपति क्षेत्रमा मेला लागेको छ ।

महाशिवरात्रिका अवसरमा निःशुल्क स्वास्थ्य शिविर, निःशुल्क भोजन सेवा, खानेपानी, चियालगायत सेवा गर्नेको पनि घुइँचो छ । कतिले सेवा सुरु गरिसकेका छन्भने कतिले सेवाको तयारी गरेका छन् । महाशिवरात्रिको तयारीका लागि पशुपति क्षेत्र विकास कोषका पदाधिकारी एवं कर्मचारी स्थलगत रूपमै खटिएर काम गरिरहेका छन् ।

हंसमण्डप क्षेत्रको स्थलगत अनुगमनमा खटिएका कोषका कोषाध्यक्ष श्रीधर सापकोटाले यस वर्ष सफाइमा विशेष ध्यान दिइएको बताए । पशुपति क्षेत्रमा आएका साधुसन्त र भक्तजनका लागि प्रभावकारी व्यवस्थापनमा कोष लागिरहेको उनले उल्लेख गरे । यस वर्ष चार हजारदेखि चार हजार ५०० सम्म साधुसन्त आउने अनुमान गरिएको उनले जानकारी दिए । गत वर्षभन्दा यस वर्ष साधुसन्त बढी आउने अनुमान गरिएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा सेवा दिइरहेका स्वयंसेवी संस्थाको दृष्टिमा भने यस वर्ष विगतमा भन्दा कम मानिस अघिल्लो दिन पशुपति क्षेत्रमा आएका कोषाध्यक्ष सापकोटाले बताए ।

हंसमण्डपमा भोजन सेवामा खटिएका विनोद लीला अग्रवाल शनिबार दिउँसो विगत वर्षभन्दा कम भक्तजन आएका उल्लेख गरे । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण पनि मानिसको आवागमन कम भएको हुनसक्ने उनको अनुमान छ । महाशिवरात्रिका लागि पशुपति क्षेत्रलाई विशेष रुपमा सिँगारिएको छ । फूलमालाले विशेष रुपमा सिँगारेर आकर्षक बनाइएको छ ।

**आर्यघाट र राममन्दिर क्षेत्रको वाग्मती किनारमा सफाइ**

'राष्ट्रको लागि हप्ताको दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ वाग्मती सफाइ महाअभियानको ६६६औँ हप्ताको सफाइ पशुपति क्षेत्रस्थित राममन्दिरमुनिको नदी किनारमा गरिएको छ । फागुन ३ गते आइतबार महाशिवरात्रि पर्वको तयारीका लागि पशुपति क्षेत्रको राममन्दिर, आर्यघाटसँगै यहाँको नदी किनारमा सरसफाइ गरिएको हो ।

सफाइमा कोषका सञ्चालक परिषद् सदस्य रामेश्वर सङ्गतसहित कर्मचारी, काठमाडौँ महानगरपालिका–११ का अध्यक्ष हीरालाल तण्डुकार, महानगर वातावरण विभागका प्रमुख सरिता राई, महानगर टेकुका प्रमुख मीनबहादुर थापासहित कर्मचारी, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका कर्मचारीलगायत जनप्रतिनिधि एवं स्थानीयवासीको सक्रियतामा आज त्यस क्षेत्रमा सफाइ गरिएको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिए ।

शनिबारको सफाइमा त्यस क्षेत्रबाट कुहिने र नकुहिने लगभग १८ मेट्रिकटन फोहर व्यवस्थापन गरिएको पनि उनले जानकारी दिए । रासस

# नेपाली श्रमिकका स्वास्थ्य अवस्थाबारे अन्तरक्रिया




**काठमाडौँ ।**
संयुक्त अरब इमिरेट्स (युएई)को आबुधावीस्थित नेपाली दूतावासले नेपाली श्रमिकले भोग्नुपरेका शारीरिक तथा मानिसक समस्यामा केन्द्रित रहेर अन्तरक्रिया सम्पन्न गरेको छ । श्रमिकहरुले भोग्नुपरेका शारीरिक तथा मानसिक स्वास्थ्य समस्या र तिनीहरूको समाधान एवं रोकथामका लागि अपनाउनुपर्ने उपायहरुका बारेमा नेपाली चिकित्सकहरुसँग अन्तरक्रिया गरिएको दूतावासले जनाएको छ ।

कार्यक्रममा युएईमा कार्यरत २५ जना नेपाली चिकित्सक सहभागी थिए । चिकित्सकहरुले नेपाली श्रमिकमा शारीरिक तथा मानसिक दुवै किसिमका समस्या देखिने गरेको उल्लेख गर्दै मानसिक समस्या अझ बढी रहेको बताए । उनीहरुले त्यहाँ कार्यरत नेपाली श्रमिकमा विशेष गरी उच्च रक्तचाप, हृदयघातको समस्या, मिर्गौलाको समस्या, मानसिक तनावका कारण महिलासँग सम्बन्धित विभिन्न समस्या रहेको बताए । त्यस अवसरमा उनीहरुले ती समस्यालाई न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा परामर्श दिएका थिए ।

चिकित्सकहरुले स्वास्थ्यसम्बन्धी चेतनाको कमी, स्वास्थ्यलाई हल्का रुपमा लिने र रोग लुकाउने प्रवृत्ति, खाडी राष्ट्रमा कार्यरत वातावरणीय असरबारे पर्याप्त जानकारी नहुनु, आफ्नो स्वास्थ्य बिमाका बारेमा अनभिज्ञता र भाषाको समस्याका कारण धेरैजसो नेपाली श्रमिकहरु स्वास्थ्य जाँच गराउन समयमै अस्पताल नजाने गरेको उल्लेख गरेका थिए । उनीहरुले श्रमिकलाई नियमित रुपमा कम्तीमा छ महिनामा एकपटक स्वास्थ्य जाँच गराउन, पर्याप्त मात्रामा पानी पिउन, मदिरा सेवन त्याग्न, स्वास्थ्य बिमाबारेमा जानकारी लिन पनि सुझाव दिए । उनीहरुले राजदूतावासले स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई युएईमा तीव्रता दिन अति आवश्यक भएको बताए । मानसिक रोगबाट पीडितको उपचारका लागि नेपाल सरकारसँग समन्वय गरी नेपालबाट टेलिमेडिसिन सेवा प्रदान गर्न पनिसुझाव दिए । युएईमा आउने श्रमिकलाई नेपालमा नै स्तरीय स्वास्थ्य जाँचको व्यवस्था स्तरीय अस्पतालमा हुनुपर्ने र यूएई आउनुअघि अभिमुखिकरण तालिममा स्वास्थ्य, बिमा र युएईको हावापानी, सडक सुरक्षा तथा दुर्घटनासम्बन्धी विस्तृत चेतनामूलक तालिम तथा प्रशिक्षण दिनुपर्ने कुरा बताए ।

त्यस अवसरमा यूएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले युएईमा रहेका नेपाली चिकित्सकहरुले आफ्नो क्षेत्रबाट चिकित्सा क्षेत्रमा तथा युएईमा कार्यरत नेपाली समुदायलाई पुर्‍याएको योगदानको प्रशंसा गर्दै प्राप्त अमूल्य सुझावलाई कार्यान्वयन गर्न राजदूतावास तत्पर रहेको बताए । साथै आगामी दिनमा राजदूतावाससँगको समन्वयमा विभिन्न स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने विषयमा सबै इमिरेट्सहरुमा रहेका नेपाली चिकित्सकहरुको सक्रिय सहयोग र हातेमालोका लागि अनुरोध गरे । रासस

# पत्रकार सिटौलाको स्मृतिमा अक्षय कोष स्थापना



काठमाडौँ ।
चलचित्र पत्रकार सङ्घ नेपालका निवर्तमान अध्यक्ष स्वर्गीय दिनेश सिटौलाको अल्पआयुमै निधन भएको १३औँ दिनको पुण्यतिथिका अवसरमा रु १० लाखको अक्षय कोष स्थापना गर्ने घोषणा गरिएको छ ।संघले श्रद्धाञ्जलीसभाको आयोजना गरी सो घोषणा गरेको हो । संघका अध्यक्ष समीर बलामीले हरेक वर्ष माघ १८ गते स्व दिनेश सिटौलाको स्मृतिमा विशेष कार्यक्रम आयोजना गर्ने तथा सङ्घको वार्षिक उत्सवका अवसरमा 'स्व दिनेश सिटौला चलचित्र पत्रकारिता स्मृति पुरस्कार' प्रदान गर्ने उद्देश्यसहित उक्त अक्षय कोष स्थापना गरिएको जानकारी दिए ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले स्व सिटौलाको नेपाली चलचित्र उद्योग र चलचित्र पत्रकारितामा रहेको योगदानको स्मरण गर्दै अक्षय कोषमा सहयोग गर्न सबैसँग अपिल गरे । उनले स्व सिटौलाले पुराना तथा नयाँ पुस्ताका पत्रकार र चलचित्रकर्मीबीच सहकार्य र सहजीकरणको वातावरण सिर्जना गर्दै आएको उल्लेख गर्दै बोर्डका तर्फबाट अक्षय कोषमा रु ५१ हजार सहयोग प्रदान गर्ने घोषणा गरे ।

त्यसैगरी, नेपाल चलचित्र कलाकार सङ्घका अध्यक्ष मोहन निरौलाले श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्दै स्व सिटौलाको योगदानको चर्चा गरे । उनले स्व सिटौला मिलनसार, सहयोगी भावना र सकारात्मक सोचका धनी व्यक्तित्व भएको उल्लेख गर्दै व्यक्तिगत रूपमा रु १० हजार सहयोग प्रदान गरे । कार्यक्रममा सङ्घका पूर्व अध्यक्ष विदुर गिरी, सल्लाहकार डब्बु क्षेत्री तथा वरिष्ठ चलचित्र पत्रकारहरू ध्रुव लम्साल, जयन सुब्बा मानन्धर, कृष्ण भट्टराई, दीपज्योति थापा, रोयल आचार्यलगायतले श्रद्धाञ्जली अर्पण गर्दै स्व सिटौलाको योगदानको चर्चा गरे । स्थापित अक्षय कोषमा विभिन्न सङ्घ–संस्था तथा व्यक्तिहरूबाट सहयोग घोषणा गरिएको छ । ओएसआर डिजिटलले रु ३१ हजार, चलचित्र लेखक प्रदीप भारद्वाजले रु २५ हजार, निर्माताद्वय सरोज वली र मोहितवंश आचार्यले रु २५ हजार, षट्कोण आट्र्सले रु २५ हजार, दिलासा क्रिएसनका तर्फबाट वरिष्ठ चलचित्र पत्रकार लक्ष्मण सुवेदीले रु ११ हजार तथा चलचित्र 'राम नाम सत्य' टिमले रु १० हजार सहयोग घोषणा गरेका छन् ।

यसअघि चलचित्र पत्रकार तथा अन्य सहयोगी निर्माता एवं व्यक्तिहरूबाट रु तीन लाखभन्दा बढी सहयोग सङ्कलन भइसकेको सङ्घले जनाएको छ । यसैबीच, प्रदर्शनको ५१औँ दिनको अवसरमा चलचित्र 'झरी पछिको इन्द्रेणी' टिमले अक्षय कोषका लागि रु १० लाख सहयोग गर्ने प्रतिबद्धता जनाउँदै थप सहयोग सङ्कलन गरिएको जानकारी दिइएको छ । रासस

# कोइलाखानीमा ज्यान गुमाएका परिवारलाई सहयोग



**खोटाङ ।**
हलेसी तुवाचुङ नगरपालिकाले भारतको मेघालयस्थित कोइलाखानीमा भएको विष्फोटमा परेर ज्यान गुमाएका आफ्ना नागरिकका परिवारलाई आर्थिक सहयोग उपलब्ध गराएको छ ।

रोजगारीको सिलसिलामा चार महिनाअघि मेघालय गएका हलेसी तुवाचुङ–५ दुर्छिमका ५० वर्षीय रत्न राईको कोइलाखानीमा काम गर्दैगर्दा गत माघ २२ गते विष्फोटमा परी ज्यान गएको थियो । उनको परिवारलाई नगरपालिकाले रु ५१ हजार सहयोग गरेको हो । गत असोज ९ गते मेघालय जानुभएका रत्नले ज्यान गुमाएपछि घरमै गएर मृतककी श्रीमती मिना राई तामाङलाई रकम उपलब्ध गराएको नगरप्रमुख विमला राईले जानकारी दिए ।

दुर्छिमस्थित जोरकाफलका राई दम्पतीको दुई छोरा र दुई छोरी छन् । ज्यालामजदुरी कमाएको पैसाले घर व्यवहार धान्दै आएका रत्नको मृत्यु भएपछि परिवारका अन्य सदस्यको विचल्ली भएको छ । उक्त घटनामा खोटाङकै बराहपोखरी गाउँपालिका–१ बराहपोखरीस्थित सालघारीका २७ वर्षीय पूर्णिराम खपाङ्गी मगर, २४ वर्षीय सुरेन्द्र खपाङ्गी मगर र सोही वडाको भञ्ज्याङका ३५ वर्षीय नरबहादुर खपाङ्गी मगरले पनि ज्यान गुमाएका थिए । उनीहरूको भारतमै अन्त्येष्टि गरिएको छ । विष्फोटमा ज्यान गुमाउने सालघारीका पूर्णिराम र सुरेन्द्र दाजुभाइ भएको स्थानीय शिवकुमार श्रेष्ठले जानकारी दिए । विष्फोटमा गम्भीर घाइते भएका भञ्ज्याङका नरबहादुरको उपचारको क्रममा गत माघ २३ गते सिलोङस्थित निलग्रीन हस्पिटलमा मृत्यु भएको हो ।

विष्फोटमा गम्भीर घाइतेको सिलोङमा उपचार हुँदै

विष्फोटमा गम्भीर घाइते भएका नेपालका चार जनाको सिलोङस्थित निलग्रीन हस्पिटलमै उपचार भइरहेको घटनास्थलमा पुगेका मृतकका आफन्त प्रकाश खपाङ्गी मगरले जानकारी दिए । उनका अनुसार बराहपोखरी–१ सालघारीका ४७ वर्षीय कर्णबहादुर खपाङ्गी मगर र भञ्ज्याङका ४० वर्षीय बमबहादुर खपाङ्गी मगर, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–२ मुडेका ४८ वर्षीय दावा शेर्पा तथा छिमेकी जिल्ला उदयपुरको त्रियुगा नगरपालिका–१४ साउनेका ललितबहादुर लुङ्गेली मगरको हाल उपचार भइरहेको छ ।

रोजगारीको सिलसिलामा गत पुस ३ गते घरबाट हिँडेर भारतको मेघालय पुगेका तीन जनाको एउटै घटनामा ज्यान गएपछि बराहपोखरी गाउँपालिका शोकमा डुबेको छ । घटनाका मृतक परिवारलाई बराहपोखरी गाउँपालिकाले प्रतिव्यक्ति रु ५० हजारका दरले राहत रकम उपलब्ध गराउने निर्णय गरेको गाउँपालिकाका प्रमुख शालिकराम बञ्जराले जानकारी दिए । कोइलाखानीमा भएको विष्फोटपछि सँगै काम गर्दै आएका सोही गाउँपालिका–१ वालम्पाका ताराबल मगरले फोनमार्फत घटनाको बारेमा जानकारी गराएका थिए । मेघालय पुगेर कोइलाखानीमा काम गर्ने सात जनामध्ये ताराबल मात्रै सकुशल छन् ।

मेघालयको कोइलाखानीमा भएको घटनापछि मृतकका परिवारलाई राहत तथा गम्भीर घाइतेको उपचारका लागि सहयोग सङ्कलन अभियानसमेत सुरु गरिएको स्थानीय इन्द्र लिमेल मगरले जानकारी दिए । रासस

# धनुषा–२ मा पुराना र नयाँ अनुहारबीच कडा प्रतिस्पर्धा

## लगातार तीन हारपछि पुनरागमनको प्रयासमा रामचन्द्र झा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
२०३१ सालदेखि वामपन्थी राजनीतिमा सक्रिय रामचन्द्र झा लगातार तीन हारपछि पुनः चुनावी मैदानमा उत्रिएका छन् । मधेशको कम्युनिष्ट आन्दोलनमा सक्रिय भूमिका खेलेका झा दुईपटक संसदीय निर्वाचन जिते पनि पछिल्ला तीन निर्वाचनमा लगातार पराजित भएका थिए ।
ग्रामीण क्षेत्रमा वर्गसंघर्षको आन्दोलनबाट राजनीतिक यात्रा सुरू गरेका झा तत्कालीन प्रभावशाली कम्युनिष्ट नेता सूर्यनाथ राना र योगेन्द्र साहको सम्पर्कमा आएर राजनीतिमा सक्रिय भएका थिए । २०३६ सालको जनमत संग्रहमा धनुषाको यदुकुहामा बहुदलको पक्षमा भाषण गरेर चर्चित बनेका उनी २०४६ सालको संयुक्त जनआन्दोलनमा वाममोर्चाका तर्फबाट धनुषाका कमाण्डर नियुक्त भएका थिए ।
दीर्घ समय नेपाल कम्युनिष्ट पार्टी (एमाले)मा सक्रिय रहेका झा केन्द्रीय कमिटी हुँदै पोलिटब्युरोसम्म पुगेका थिए । तर मधेश मुद्दामा मतान्तर भएपछि २०६९ मा उनले एमाले परित्याग गरे । २०६४ को संविधानसभा निर्वाचनमा विजयी भएपछि उनी तत्कालीन




नेकपा (माओवादी केन्द्र) अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारमा स्थानीय विकास मन्त्री बने । पछि बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिमा सह–संयोजकको भूमिका निर्वाह गरे । त्यसपछि पुनः माओवादी हुँदै नेकपा (एकीकृत समाजवादी)मा आबद्ध भए ।
हाल नेपाली कम्युनिष्ट पार्टीबाट उनी धनुषा–२ मा उम्मेदवार बनेका छन् । २०५१ सालको मध्यावधि निर्वाचनमा कांग्रेसका शिवधारी यादवलाई हराउँदै पहिलोपटक सांसद बनेका झा २०६४ सालमा पुनः विजयी भएका थिए । तर २०७०, २०७४ र २०७९ सालका निर्वाचनमा लगातार पराजित भए ।
२०७४ मा उमाशंकर अरगरियासँग पराजित भएका उनी २०७९ मा कांग्रेसका रामकृष्ण यादवसँग तेस्रो स्थानमा खुम्चिए । यसपटक ३० हजार हाराहारी मत ल्याएर जित्ने दाबी गर्दै उनले संगठन विस्तारमा निरन्तर लागेको बताएका छन् ।
२०७४ मा संघीय समाजवादी फोरमबाट विजयी भएका अरगरिया पछि एमालेमा आबद्ध भए । उनी पार्टीका प्रमुख सचेतक तथा नागरिक उड्डयन तथा पर्यटन मन्त्रीसमेत बनेका थिए ।
२०७९ मा झिनो मतान्तरले पराजित भए पनि यसपटक फराकिलो मतान्तरले जित्ने उनको दाबी छ ।
'चुनाव हारेको दिनदेखि नै काठमाडौं नगई जनताको बीचमै छु,' उनले बताए । आफूले हारेपछि पनि संघ र प्रदेश सरकारमार्फत विकास निर्माणलाई निरन्तरता दिएको दाबी उनको छ ।
नेपाली कांग्रेसबाट दिनेशप्रसाद परसैला यादव उम्मेदवार छन् । २०७९ मा कांग्रेसले क्षेत्र जितेकाले यसपटक पनि निरन्तरता कायम रहने दाबी उनका समर्थकको छ ।
त्यसैगरी जनता समाजवादी पार्टी नेपालका पशुपति यादव पुस्तान्तरण र नयाँ नेतृत्वको मुद्दा अघि सार्दै चुनावी मैदानमा छन् । मधेश आन्दोलनदेखि सक्रिय रहेको दाबी गर्दै उनले पुराना दल र नेताप्रति जनताको असन्तुष्टि आफ्नो पक्षमा जाने विश्वास व्यक्त गरेका छन् ।
यस क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका रामविनोद यादव, जनमत पार्टीका डा. सुरेन्द्रप्रसाद यादव तथा स्वतन्त्र उम्मेदवार जयनाथ अधिकारीसमेत प्रतिस्पर्धामा छन् ।
धनुषा–२ मा पुराना अनुभवी नेता, विकासको निरन्तरताको एजेन्डा बोकेका उम्मेदवार र पुस्तान्तरणको मुद्दा अघि सारेका नयाँ अनुहारबीच कडा प्रतिस्पर्धा देखिएको छ । विगतको मतपरिणाम, गठबन्धन समीकरण र मत विभाजनको सम्भावनाले यसपटकको चुनावलाई झन् रोचक बनाएको छ ।

# सहमति भएपछी बजार बन्दको कार्यक्रम फिर्ता

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट उद्योग बाणिज्य संघले घोषणा गरेको अनिश्चितकालिन गौर बजार बन्दको कार्यक्रम फिर्ता लिएको छ । फाल्गुन १ गते बिहान गौर स्थित रहेको करदाता सेवा कार्यालयको कागजात सहितका सम्पूर्ण समानहरु ट्रकमा लोड गरि बाराको सिमरा लगिने तयारी गरिरहेको बेला गौरका स्थानीय व्यापारीहरुले अवरुद्ध गरि गौर बजार बन्दको घोषणा गरेकोमा दोस्रो दिन स्थानीय सरोकारबाला राज्य पक्ष र आन्दोलनकारी पक्ष सहमति भएपछी आन्दोलनको कार्यक्रम फिर्ता भएको हो ।
जिल्ला प्रशासन कार्यलय रौतहटको सभाहलमा रौतहट उद्योग बाणिज्य संघका पदाधिकारी , राजनीतिक दलका प्रतिनिधि र स्थानीय प्रशासन प्रमुख सरोकारवाला बीच सहमति भए पछि आन्दोलनको कार्यक्रम तत्काल फिर्ता भएको बाणिज्य संघका महासचिव सन्तोष केसरिले जानकारी दिएका छन् ।
प्रमुख जिल्ला अधिकारी दिनेश सगार भुषालको अध्यक्षतामा भएको छलफलमा तत्काल करदाता सेवा कार्यलय संचालन रहेको भवनबाट नै सेवा प्रबाह गर्ने सहमति भएको हो ।
अर्थ मन्त्रालय र गगृह मन्त्रालयमा फाल्गुन १ गते भएको घटना र गौर बासीको समस्याको विषयमा ध्यानाकर्षण गराउने , २०८२ पौष १८ मा भएको निर्णयलाई यथावत राख्दै निर्वाचन पछि सरोकारवालाबसी रौतहटमा आन्तरिक राजश्व कार्यालय स्थापना गर्ने विषयमा अर्थ मन्त्रालयलाइ अनुरोध गर्ने , साविक करदाता सेवा कार्यालयमा रहेका करदाताका फाइल ,जिन्सी समान ,रेकर्ड सोहि कार्यालयमा सुरक्षित राख्ने व्यवस्था मिलाउने हाल करदातालाइ दिदै आएको सेवालाइ चुस्त दुरुस्त बनाउने लगायतका सहमति भएको महासचिव केसरीले जानकारी दिएका छन् ।
बैठकमा गौरका स्थानीय उद्योगी व्यापारीहरुले गौरमा रहेका करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय नागरिक सरकारले तत्काल फिर्ता लिनु पर्ने माग राखेका थिए । करदाता कार्यालय हटाए नेपाल भारत सिमामा रहेका भन्सार कार्यालय पनि हटाउनु पर्ने माग समेत गरेका थिए ।
बैठकमा रौतहट निर्वाचन क्षेत्र नम्बर १ का जनता समाजवादी पार्टी नेपालका प्रतिनिधि सभा सदस्य योगेन्द्र राय यादवले चोरी शैलीमा करदाता सेवा कार्यालय सार्ने कार्यकारी स्थानीय प्रसाशनको कार्य निन्दनीय रहेको भनि कडा आलोचना गरे । उम्मेदवार यादवले करदाता कार्यालय हटाउने कार्य कुनै पनि हालतमा गौरका स्थानीयले हुन् नदिने गरे ठुलो विद्रोह हुने चेतावनी समेत दिए ।
सेवा कार्यालयको विषयमा गौरका जनताले ठुलो विद्रोह गरेको स्मरण गराउदै अधिकारको लडाईमा गोलि खानु पर्ने अवस्था आएमा एक कदम पछि नहट्ने भन्दै कार्यलय खारेजीको निर्णय सुधार गर्न सम्वन्धित मन्त्रालयलाइ जानकारी गराउन सरोकारवाला निकायका प्रमुखलाइ सुझाव समेत दिए ।
नागरिक सरकारले सरकारबाट प्रबाह गरिने सेवा सुबिधा सहज गर्नु पर्नेमा कर बुझाउने कार्यलाई थप झन्झटिलो बनाउन सरकारले प्रयास गरेको आरोप उहाको रहेको छ । करदाता सेवा कार्यालय खारेज गर्ने गरेको निर्णय फिर्ताको माग गर्दै आन्दोलनमा उत्रेका स्थानीय व्यापारीहरुले बजार बन्द गरेर नेपाल सरकारको विरुद्ध चर्को नारावाजी गर्दै विरोध प्रदर्शन समेत गरेका छन् ।

# सामुदायिक वनमा आगलागी १०हजार क्युफिठ काठ नष्ट

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिका–२ जुडिबेलास्थित नमुना सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रमा अज्ञात समूहले लगाएको आगो करिब ३० घन्टापछि नियन्त्रणमा आएको छ । बिहीबार दिउँसो सुरु भएको आगलागी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, वनकर्मी तथा सुरक्षाकर्मीको संयुक्त प्रयासमा शुक्रबार साँझ नियन्त्रणमा लिइएको हो ।
घटनास्थलमा नारायणदल गणबाट दमकलसहित नेपाली सेनाको टोली खटिएको थियो । त्यसैगरी नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, वन सुरक्षा टोली र वन कार्यालयका कर्मचारीहरू निरन्तर परिचालन भएका थिए। डिभिजन वन



कार्यालय चन्द्रनिगाहपुरका प्रमुख हेमन्त कुमार साहका अनुसार संयुक्त टोलीको लगातारको प्रयासपछि आगो नियन्त्रणमा लिन सफल भएको हो । आगलागीमा २७ स्थानमा घाटगद्दी गरी राखिएको करिब ८ देखि १० हजार क्युफिटभन्दा बढी सालको गोलिया काठ जलेको प्रारम्भिक अनुमान गरिएको छ । काठ २०७६ सालमा ४ सय केभी प्रसारण लाइन विस्तारका क्रममा काटिएको र पछि सोही वनक्षेत्रमा संकलन गरी राखिएको थियो ।
प्रदेशका वन मन्त्री शंकर चौधरी, वन निर्देशक जगरनाथ प्रसाद जैसवाल, रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषाल, नेपाली सेनाका कर्णेल विश्वास बिष्ट, जिल्ला प्रहरी प्रमुख (एसपी) सिताराम रिजाल, सशस्त्र प्रहरीका एसपी रामहरि अधिकारी तथा राष्ट्रिय अनुसन्धान विभागका उपनिर्देशक कुमार बुढाथोकी लगायत सुरक्षा अधिकारीहरू घटनास्थल पुगेर आगो नियन्त्रण कार्यको अनुगमन गरेका थिए ।
डिभिजन प्रमुख साहले आगलागी नियन्त्रणमा समय लाग्नुमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूको निष्क्रियता पनि एक कारण रहेको गुनासो गरे । उनका अनुसार उपभोक्ता समूहले लामो समयदेखि लेखापरीक्षण तथा साधारणसभा नगरेका कारण काठ बिक्री प्रक्रिया अघि बढ्न सकेको थिएन। सो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत छानबिन गरिरहेको छ ।
आगलागी नियतवश गराइएको हुन सक्ने आशंका गरिएको छ । घटनाको वास्तविक कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । गौरबाट ल्याइएको नेपाली सेनाको दमकल हाल वन कार्यालयमै राखिएको छ र आवश्यक परे पुनः निरीक्षण गरी पानी हाल्ने तयारी राखिएको जनाइएको छ ।

# सोमबारदेखि माध्यमिकी परिक्रमा

**धनुषा ।**
मिथिलाको महाकुम्भ मानिने १५ दिने धार्मिक माध्यमिकी परिक्रमा सोमबारदेखि सुरु हुनेभएको छ । यहाँको मिथिला विहारी मन्दिरका महन्त रामनरेश शरणले नेपाल र भारतका लाखौँ श्रद्धालु तथा साधुसन्तहरूको सहभागितामा धार्मिक यात्रा सुरु हुन लागेको बताए ।
सोही यात्राका लागि सोमबार धनुषाको मिथिला विहारी नगरपालिका–८ कौचरीस्थित मिथिला विहारी मन्दिरबाट झाँकी कीर्तनसहित श्रद्धालुहरु प्रस्थान गर्ने जानकारी दिँदै उनले जनकपुरको सुन्दर सदन मन्दिरबाट किशोरीजी र रामजानकीसहित जनकपुरको अन्य डोला हनुमानगढीमा जम्मा हुने जानकारी दिए ।
महन्थ शरणकाअनुसार फागुन कृष्णपक्षको औँसीमा कचुरी मठबाट भगवान राम र जानकीको डोलासहित परिक्रमा सुरु हुनेछ ।
सोमबार राति धनुषाको हुनमाननगरमा विश्राम गरेर परिक्रमामा सहभागी साधुसन्त तथा श्रद्धालुहरूको टोली मङ्गलबार बिहान पूजापाठ गरी भारत विहारको कल्याणेश्वर प्रस्थान गर्नेछ । यस धार्मिक परिक्रमामा हजारौँ भक्तजन र साधुसन्त नेपाल र भारतका पवित्र धार्मिक स्थलहरूमा यात्रा गर्दा पुण्य प्राप्ति र आत्मिक शान्ति हुन्छ भन्ने जनविश्वास रहेको छ ।
कचुरीबाट निस्कने मिथिला विहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमाननगर पुगेपछि माध्यमिकी परिक्रमाको विधिवत रूपमा सुरुआत हुने परम्परा रहेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताए ।
'जय सियाराम, जय जय सियाराम' उच्चारण गर्दै नेपालका ११ र भारतका चार धार्मिकस्थल गरी १५ विश्रामस्थलमा राति विश्राम गरी नेपालको १०५ र भारतको २८ गरी कुल १३३ किलोमिटर लामो पैदल धार्मिक यात्रा गरिने उनले जानकारी दिए ।
महन्थ वैष्णवका अनुसार सन् १८९० तिर साधुसन्तलाई लिएर वनजङ्गलको बाटो भएर माध्यमिकी परिक्रमा प्रारम्भ गरिएको थियो । तत्कालीन मिथिला विहारी मन्दिरका महन्थ लाढली लालजी शरण तथा जनकपुरधामस्थित रत्नसागर स्थानका महन्थ बाबा नारायण दासजीलगायतले मिलेर परिक्रमा सुरु गरेको बताइन्छ ।
विगत लामो समयदेखि हरेक वर्ष धार्मिक यात्रा हुँदै आएको छ । महन्त शरणले गत वर्ष करिब १५ लाख साधुसन्तले परिक्रमामा सहभागिता जनाएको र यस वर्ष पनि सोहीअनुसार सहभागी हुने अपेक्षा रहेको बताए ।
'राजर्षि राजा जनकको दरबार क्षेत्र मानिएको मिथिलाञ्चल क्षेत्रको मध्य भूभागमा रावणको अत्याचार बढेपछि राजा जनकले भगवान् शिवलाई सहयोगको गुहार गर्दा शिव भारत विहारको कलानेश्वरनाथ, महोत्तरीको जलेश्वरनाथ, धनुषाको क्षीरेश्वरनाथ र सप्तेश्वरनाथका रूपमा दरबारको चारवटा कुनामा विराजमान भएको किंवदन्ती छ,' यसको इतिहासबारे जानकारी दिँदै उनले भने, 'राजर्षि जनकको आग्रहअनुसार शिवले मध्य मिथिला दरबार क्षेत्रको सुरक्षा गरेको हुनाले सोही चार शिवालयहरूको परिक्रमा गर्ने भएकाले यसलाई मिथिला मध्यमा परिक्रमासमेत भनिएको हो ।' रासस

# गोपाल चन्द्र गौतम पत्रकारिता पुरस्कारबाट शर्मा सम्मानित

**मधेशदृष्टि**
**दाङ ।**
पत्रकार गोपाल चन्द्र गौतम पत्रकारिता पुरस्कार २०८२ बाट दाङका अग्रज पत्रकार नारायण शर्मा सम्मानित भएका छन् । पत्रकार गोपाल चन्द्र गौतम प्रतिष्ठानले शनिबार दाङमा कार्यक्रम आयोजना गरी शर्मालाई सम्मानित गरेको हो । नेपाल पत्रकार महासङ्घ दाङको सभा कक्षमा आयोजित कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष जगदीश प्रसाद शर्मा, रापती साहित्य परिषद्का पूर्वअध्यक्ष पुरुषोत्तम खनालले संयुक्त रुपमा शर्मालाई सम्मानपत्र, एक तोला सुनको तक्मासहित गम्छाओडाएर सम्मान गरे ।
प्रतिष्ठानका अध्यक्ष शर्माको



अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव पत्रकार महासङ्घका अध्यक्ष सन्तोष सुवेदी, रापती साहित्य परिषदका वरिष्ठ उपाध्यक्ष दीपक समिर, नागरिक समाजका पूर्वअध्यक्ष चन्द्रराज पन्त, प्रेस स्वतन्त्रता सेनानी सुशील गौतमले मन्तव्य व्यक्त गरेका थिए । प्रतिष्ठानबारे सचिव हिमालचन्द्र गौतमले प्रकाश पारेका थिए भने कार्यक्रम प्रतिष्ठानका सदस्य प्रताप श्रेष्ठ र नेपाल पत्रकार महासंघका सचिव जेएन सागरले सञ्चालन गरेका थिए ।
गोपालचन्द्र गौतम प्रतिष्ठानले हरेक वर्ष मुलुकका दिग्गज अग्रज पत्रकारलाई एक तोला सुनको तक्माले सम्मान गर्दै आएको छ । २०६८ सालदेखि सम्मान सुरु गरिएको यस वर्षको १५औ संस्करण हो । सम्मानित व्यक्तित्व नारायण शर्मा दाङमा पत्रकारिताको सुरुवात गर्ने व्यक्ति हुन् । उनी ४५ वर्षभन्दा लामो समयदेखि पत्रकारितामा क्रियाशील छन् । उनी प्रेस काउन्सिलका केन्द्रीय अध्यक्ष र संविधानसभाका सदस्य समेत भइसकेका ९६ वर्षका छन् ।

# जिल्ला प्रहरी कार्यालय पर्साको प्रगति विवरण सार्वजनिक: माघ महिनामा १११ अपराध दर्ता, १०३ पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगञ्जस्थित जिल्ला प्रहरी कार्यालय पर्साले चालु आर्थिक वर्ष २०८२ साल माघ महिनाको प्रगति विवरण सार्वजनिक गरेको छ ।
सार्वजनिक विवरण अनुसार पर्सा जिल्लामा माघ महिनामा कुल १ सय ११ वटा विभिन्न प्रकृतिका अपराध दर्ता भएका छन् । प्रहरीका अनुसार सबैभन्दा बढी सामाजिक अपराधतर्फ ४५ वटा मुद्दा दर्ता भएका छन् भने संगठित तथा आर्थिक अपराधतर्फ २४, ज्यानसम्बन्धी १२, आत्महत्यासम्बन्धी १० तथा चोरीसम्बन्धी ८ वटा मुद्दा दर्ता भएका छन् । यस अवधिमा चालु मुद्दाका प्रतिवादीमध्ये १ सय ३ जना पक्राउ परेका छन् भने अदालतबाट फैसला भइसकेका मुद्दामा ६२ जनालाई पक्राउ गरी १६ वर्षभन्दा बढी कैद तथा २२ लाख रुपैयाँभन्दा बढी जरिवाना असुल गरिएको छ । लागूऔषध नियन्त्रणतर्फ ७ वटा मुद्दा दर्ता भई १२ जना पक्राउ परेका छन् । प्रहरीले १ सय २ किलोभन्दा बढी गाँजा, ब्राउन सुगर र औषधिजन्य ट्याब्लेट बरामद गरेको जनाएको छ ।
घरेलु हिंसातर्फ कुल ५१ वटा उजुरी दर्ता भएका छन्, जसमा सबै मुद्दा मिलापत्रमार्फत समाधान गरिएको प्रहरीले जनाएको छ । त्यस्तै, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी ५१ वटा उजुरी दर्ता भएका छन् ।
शान्ति सुरक्षातर्फ माघ महिनामा ६ हजारभन्दा बढी गस्ती तथा चेकिङ ड्युटी सञ्चालन गरिएको र २७ हजारभन्दा बढी प्रहरी जनशक्ति परिचालन गरिएको विवरणमा उल्लेख छ ।
सवारी दुर्घटनातर्फ ६५ वटा दुर्घटना हुँदा १ जनाको मृत्यु र १ सय १३ जना घाइते भएका छन् । ट्राफिक कारबाहीमार्फत १० लाख रुपैयाँभन्दा बढी जरिवाना संकलन गरिएको प्रहरीले जनाएको छ । प्रहरीले माघ महिनामा १२ सय लिटरभन्दा बढी अवैध मदिरा बरामद गर्नुका साथै आगलागीका चार घटनामा करिब २ करोड ३० लाख रुपैयाँ बराबरको क्षति भएको जानकारी दिएको छ ।
प्रहरी कार्यालयका अनुसार अपराध नियन्त्रणका लागि सिसिटिभी निगरानी, डिजिटल प्रविधि, सामुदायिक सचेतना, सीमा क्षेत्रमा कडाइ तथा नियमित गस्तीलाई अझ प्रभावकारी बनाइएको छ । प्रहरीले नागरिकलाई शान्ति सुरक्षा कायम गर्न सहयोग गर्न आग्रह गर्दै कुनै पनि आपराधिक गतिविधिको सूचना नजिकको प्रहरी कार्यालयमा दिन अनुरोध गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन